**“हाम्रो परिकल्पना : समृद्ध दिप्रुङ चुइचुम्मा”**

दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाबाट आ.व. २०८०/८१ मा सम्पादित् कार्यहरुको

# सामाजिक परीक्षण प्रतिवेदन, २०८१



**प्रतिवेदन पेश गर्ने**

## साझेदारी विकास नेपाल

## ललितपुर

Email : padnepal79@gmail.com

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को

# सामाजिक परीक्षण प्रतिवेदन, २०८१

प्रारम्भिक प्रतिवेदन प्रस्तुत मिति : २०८१ पौष ६

अन्तिम प्रतिवेदन पेश मिति : २०८१ पौष १०


सामाजिक परीक्षण गर्ने विज्ञहरु

स्थानीय विकास विज्ञ श्री डम्बर रोगु

लैससास विज्ञ श्री अनुपा वाग्ले

# गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०८०/८१ को सामाजिक परीक्षण प्रतिवेदन, २०८१

## भूमिका

स्थानीय तहमा सुशासन, पारदर्शिता र समावेसीतालाई उच्च प्राथमिकता दिई हरेक बर्ष सम्पादन गरेका सामाजिक विकासका कार्यहरुको विज्ञहरुको समुहद्धारा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने पद्धतिनै सामाजिक परीक्षण हो । त्यसैले दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाले आर्थिक बर्ष २०८०।८१ मा सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा यो संस्था मार्फत सामाजिक परीक्षण गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्यसम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गर्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ७६ तथा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को भाग ३ मा समेत स्थानीय तहले सामाजिक परीक्षण गर्नु पर्ने विधिवत व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको प्रमुख प्रशासकीय अधिकृतसँगको कार्य सम्पादन सम्झौता करार, २०७७ को बुँदा नम्बर ८ मा समेत सार्वजनिक जवाफदेहीता प्रबर्दनका लागि सार्वजनिक सनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा ल्याउने प्रतिबद्धता समेत भएकाले गाउँपालिकाले सामाजिक परीक्षण गर्नु पर्ने भएको हो । यो परीक्षणमा दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालन भएका सामाजिक विकास सम्बद्ध सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । २०८१ साल पौष महिनामा परीक्षण कार्य सम्पन्नभई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो प्रतिवेदनमा सूचकगत विवरणहरु समावेश गरिएको छ ।

दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकामा गत आर्थिक बर्षमा भएका कार्यहरुको परीक्षण प्रतिवेदनको प्रारम्भिक खाका तयार गरी विज्ञ मार्फत उक्त प्रतिवेदन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पदाधिकारीहरु, शाखा प्रमुख तथा वडासचिवहरुको सहभागितामा मिति २०८१ साल पौष ६ गते प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यो प्रतिवेदनमा उल्लिखित सुझावहरु सम्बद्धपक्षहरुसँग सहकार्य र समन्वयभई क्रमश कार्यान्वयन हुनेमा विस्वास लिएकाछौं ।

यो सामाजिक परीक्षण गर्न जिम्मेवारी दिनुहुने गाउँपालिकाका अध्यक्ष लोकेन्द्र राई, अरुण थापा मगर, प्रमुख प्रशासकीय अधिकृत पिएसपी चाम्लीङ राई एवम् वडाध्यक्षहरुलाई विशेष धन्यवाद दिन चाहन्छौं । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण समन्वय र सहयोग गर्नु हुने प्रशासन शाखा प्रमुख जनक ढुङ्गना लगायत दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालयका शाखा प्रमुखहरु र वडासचिवहरुलाई धन्यवाद दिन चाहन्छौं । यसैगरी अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने कार्यालय, संघसंस्था, कर्मचारी एवम् सवै महानुभावहरु लगायत सामाजिक परीक्षण प्रतिवेदन उपर राय सुझाव दिनुहुने सवै महानुभावहरु प्रति आभार सहित धन्यवाद् व्यक्त गर्दछौं । प्रस्तुत प्रतिवेदनमा सिर्जनात्मक सल्लाह र सुझाव प्राप्त हुने अपेक्षा गर्दछौं । दिप्रुङ चुइचुम्मा गाउँपालिकाबाट आगामी दिनमा समेत यस संस्थालाई विभिन्न प्रकारका अनुसन्धनात्मक तथा संस्थागत विकासलागि सहजीकरण गर्ने अवसर प्राप्त हुने अपेक्षा गर्दछौं ।

**सामाजिक परीक्षकहरुको**

| | |
|---|---|
| नाम : अनुपा वाग्ले | नाम : डम्बर रोगु |
| लैससास विज्ञ | स्थानीय विकास विज्ञ |

मिति २०८१।९।१०

# दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको
# आर्थिक बर्ष २०८०।८१ को सामाजिक परीक्षण प्रतिवेदन, २०८१

विषयसूची


| क.स. | विषय | पेज नम्बर |
|---|---|---|
| १. | सामजिक परीक्षणको परिचय | १ |
| २. | सामाजिक परीक्षणका कानुनी तथा नीतिगत आधारहरु | २ |
| ३. | सामाजिक परीक्षणको उद्देश्य | ३ |
| ४. | सामाजिक परीक्षणको महत्व | ३ |
| ५.. | सामाजिक परीक्षण विधि | ३ |
| ६. | सामाजिक परीक्षणको सीमा | ५ |
| ७ | समाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम विवरण | ५ |
| ८ | सामाजिक परीक्षण प्रतिवेदन तयारी | ६ |
| ९ | गाउँपालिकाको परिचय | ६ |
| १० | गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उद्धेश्यहरु | १० |
| ११ | गत वर्षको मुख्य मुख्य उपलब्धिहरू | १३ |
| १२. | यस वर्षको मुख्य मुख्य उपलब्धिहरु | १६ |
| १३. | गत वर्षमा भोगेका समस्याहरु | २० |
| १४ | गाउँपालिकाको आ.व. २०८१।८१ को बजेट आयव्यको संक्षिप्त विवरण | २० |
| १५. | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | २१ |
| १६ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | ४० |
| १७ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा सुधार गर्नु पर्ने पक्षहरु | ४२ |
| १८ | सामाजिक जिम्मेवारी पुरा गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु | ४४ |
| १९ | अध्ययन तथा सन्दर्भ पुस्तक तथा सामग्रीहरु | ५० |

अनुसूची १ (जनप्रतिनिधि तथा कर्मचारीहरुको नामावली विवरण)

अनुसूची २ (गाउँपालिकाका कानुनहरुको सूची)

अनुसूची ३ (गाउँपालिकाको विभिन्न समितिका पदाधिकारीहरुको सूची)

अनुसूची ४ (कार्यक्रमको कार्यक्रमका तस्विरहरु) र उपस्थिति विवरण)

# दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको
# आर्थिक बर्ष २०८०।८१ को सामाजिक परीक्षण प्रतिवेदन, २०८१

## १. सामजिक परीक्षणको परिचय :

सरकारले गर्ने शासनलाई पारदर्शिता, जवाफदेहीता र उत्तरदायी बनाई सुशासनको प्रत्याभुत गर्ने माध्यमनै सामाजिक परीक्षण हो । सरकारले सार्वजनिक उत्तरदायित्व बहन गर्दै नागरिकप्रतिको जवाफदेहीताको सुनिश्चित गरी सरकारले गरेको आर्थिक क्रियाकलापबाट समाज र पर्यावरणमा परेको प्रभावको मूल्याङ्कन गर्नुनै सामाजिक परीक्षणको मुलमर्म हो । सरकारले बनाएको नीति, ऐन, कानुनको प्रयोगबाट समाजमा परेको प्रभाव समेतको विश्लेषण हुने गरी नागरिकको सहभागितामा गरिने परीक्षण हो जहाँ सरकारले गरेको हरेक कामहरु सरकारको लागि होईन नागरिकको लागि हुन्छ । त्यसै गरी परियोजना, नीति वा कानुन कार्यान्वयनमा सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने कार्य सामाजिक परीक्षणबाट गरिन्छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाले आर्थिक बर्ष २०८०।८१ मा सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्यसम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी भई विगत देखिनै साविकमा स्थानीय निकायहरुले सामाजिक परीक्षण गर्ने प्रचलन रहेको थियो । यसै गरी स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन  कार्यविधि, २०७७ को दफा ७६ गाउँपालिकाले हरेक बर्ष सामाजिक परीक्षण गर्नु पर्ने विधिवत व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको  प्रमुख प्रशासकीय अधिकृतसँगको कार्य सम्पादन सम्झौता करार, २०७७ को बुँदा नम्बर ८ मा समेत सार्वजनिक जवाफदेहीता प्रवर्दनका लागि सार्वजनिक सनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा ल्याउने प्रतिबद्धता समेत भएकाले गाउँपालिकाले सामाजिक परीक्षण गर्नुपर्ने भएको हो ।

यो परीक्षणमा दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालन गर्ने सामाजिक विकास सम्बद्ध विषयगत शाखाहरुले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र गाउँपालिकाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । २०८१ साल पौष  महिनामा सामाजिक परीक्षण कार्य सम्पन्न गर्न गाउँपालिका र यस संस्थाबीच सम्झौता भई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो सामाजिक परीक्षणमा विवरण समावेश गरिएको छ ।

**२. सामाजिक परीक्षणका कानूनी र नीतिगत आधारहरु**

**क. संवैधानिक व्यवस्था :**

१. नेपालको संविधानको प्रस्तावनामा, बर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सवै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेसी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजको निर्माण गर्ने विषय उल्लेख भएको ।

२. मौलिकहकहरुमा नागरिक स्वतन्त्रता, समानता, सूचनाको हक लगायतका अधिकारहरुको व्यवस्था भएकोले मौलिक हकलाई कार्यान्वयनका लाीग सरकारले आवश्यक कानुन तर्जूमा गरी कार्यान्वयन गर्ने व्यवस्था भएको ।

**ख स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा भएको व्यवस्था :**

१. स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित्तता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचालित कानुन बमोजिम कार्य सम्पादन गर्न आआफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने ।

२. गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

**ग स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ७६ :**

स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायी र जवाफदेही बनाउन योजना, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पुरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवालालाई भेला गराई सामाजिक परीक्षण गरेको हुनु पर्ने ।

**घ दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को दफा १४ (१) :** गाउँपालिकाले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम तथा कार्य सम्पादनको लेखाजोखा र त्यसको सामाजिक उपलब्धी मापन गर्न सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको ।

## ३. सामाजिक परीक्षणको उद्देश्य :

सामाजिक परीक्षणका उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

१) गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।

२) गाउँपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

३) आवश्यकक्ता र प्राथमिकतापूर्वक विकास क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक बजेटको सही सदुपयोग गरी निर्धारित समय र गुणस्तरमा कार्य सम्पादन गरी योजनामा पारदर्शिता र उत्तरदायित्व कायम राख्नु ।

## ४. सामाजिक परीक्षणको महत्व :

सामाजिक परिक्षणले सरकारको नागरिकप्रतिको जवाफदेहीता र पारदर्शितालाई संस्थागत गर्नेछ । सरकारबाट गरेका कार्यहरुको भौतिक परीक्षणको सत्यापनको मापन र परीक्षण हुनेछ र प्रशासनलाई जिम्मेवार बनाई लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्छ । समाजको लागि उपयुक्त नीति तथा कार्यक्रम तयार गरी समाजमा प्रशासनको भूमिका र जनताको विस्वास प्राप्त हुन्छ ।

## ५ सामाजिक परीक्षणका चरणहरु

सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भए अनुसार मुख्यतयः यो परीक्षणको अध्ययन विधि र तयारी चरणहरु निम्नानुसार रहेको छ ।

## क. सामाजिक परीक्षण विधिहरु

- गाउँपालिकाको सामाजिक जिम्मेवारी सम्वन्धी नीति, ऐन, नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन,
- जनप्रतिनिधि, उपभोक्ता एवम् सरोकारवालाहरुसँग प्रश्नोत्तर तथा छलफल,
- विषयगत शाखा तथा वडा कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन,
- विकास योजना तथा कार्यक्रमहरुको प्रतिनिधित्व हुने गरी स्थलगत अध्ययन तथा विश्लेषण ।
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ख. सामाजिक परीक्षण तयारी चरणहरु

सामाजिक परीक्षण विज्ञहरुबाट गाउँ कार्यापालिकाको कार्यालयसँग समन्वय गरेर तपसिल बमोजिमको चरणगत प्रकृया अवलम्बन गरी सामाजिक परीक्षण कार्य सम्पादन गरिएको छ ।

### १. पहिलो चरण

गाउँपालिका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा सामाजिक परीक्षणको परिचय, पृष्ठभूमि, कानुनी व्यवस्था, अध्ययन विधि र प्रकृया एवम् अध्ययनका क्षेत्रगत सूचकहरु, सम्बद्ध कार्यालय वा विषयगत शाखाहरुले विवरण उपलव्ध गराउनु पर्ने विषयमा एक दिवशिय परिचायत्मक एवम् अनुशिक्षण सञ्चालन गरिएको छ ।

### २. दोश्रो चरण

सूचना संकलन तथा विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयारीका लागि गाउँपालिकाको पाश्वचित्र, नीति तथा कार्यक्रमहरु, कानुनहरु, इमेल, इन्टरनेटमा राखिएका अन्य सामाग्रीहरु, प्रकासित सामाग्रीहरु, विभिन्न प्रगति तथा अध्ययन प्रतिवेदनहरु, गाउँ सभा, गाउँ कार्यपालिका, विभिन्न समितिहरुको निर्णयहरुको तुलनात्मक अध्ययन तथा विश्लेषण गरी सामाजिक उत्तदायित्व वहन सम्बन्धी सम्पन्न योजना तथा कार्यक्रमहरुको नमूना परीक्षण एवम् सरोकारवालाहरुसँगको अन्तरवार्ता, भेटघाट तथा छलफल गरिएको छ ।

### ३. तेश्रो चरण

दोश्रो चरण अनुसार गरिएको अध्ययन अनुसन्धान तथा विश्लेषण र छलफल अन्तरवार्ताबाट प्राप्त नतिजाहरुलाई सामाजिक परीक्षण कार्यविधिले तोके अनुसारको विभिन्न सूचकगत रुपमा प्राप्त भएको विवरणलाई तुलनात्मक रुपमा तालिका तयार एवम् विगत बर्षहरुमा भएको महत्वपूर्ण उपलव्धीहरु र सामाजिक उत्तरदायित्व पुरा गर्न पर्ने कार्यहरुलाई सुझावको रुपमा समावेश गरेर सरोकारवालाहरुको सहभागितामा प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण गरियो र प्रस्तुत भएका सूचकहरुको तुलनात्मक विवरणलाई सहभागिहरुबाट अध्ययन तथा छलफल भई प्राप्त भएका सुझाव संग्रहित गरियो ।

### ४. अन्तिम चरण

सामजिक परीक्षणका लागि उल्लेखित चरण १ देखि ३ सम्म गरिएका अध्ययन अनुसन्धान, प्रतिवेदन प्रस्तुतिकरण र छलफलबाट प्राप्त भएका सुझावहरुलाई आत्सात् गर्दै थप सुधारात्मक रुपमा निर्धारित ढाँचामा आवश्यक विषयवस्तुहरु र अध्ययन सामाग्रीहरुको प्रमाणहरुसमेत

संग्रहित गरी विज्ञ समुहबाट अन्तिम प्रतिवेदन दुई प्रति तयारी गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गरिएकोछ ।

## ६. **सामाजिक परीक्षणको सीमा :**

यो अध्ययन सामाजिक परीक्षण कार्यविधि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको गाउँपालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र रहेको छ ।
दिप्रुङ चुइचुम्मा गाउँपालिका र सामाजिक विकाससँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषय क्षेत्र भित्र रहेका छन । यो अध्ययनले गाउँपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ र समग्र गाउँपालिकाको विकासको प्रस्तुती गरेको छैन । सामाजिक परीक्षणमा देहाय बमोजिम सीमा रहेका छन् ।

१. योजना र कार्यक्रमको बजेटको परीक्षण गरिएन ।

२. धेरै जसो सरकारका प्रतिनिधि तथा कर्मचारीको भूमिका प्रमुख थियो ।

३. सरोकारवालाहरुको मात्र सहभागिता रहयो ।

४. कार्यक्रम र योजनको प्रभावकारीताको मात्र जानकारी राखियो ।

५. सरकार र जनताबीचको मात्र अन्तर सम्बन्ध रहयो ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थानीय सरकार काम कर्तव्य र अधिकारको विषयमा विद्यमान व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरिएको छ ।

७. दिप्रुङ चुइचुम्मा गाउँपालिका र सामाजिक विकाससँग सम्वन्धित विषयगत क्षेत्रहरुको अध्ययन गरियो ।

८. गाउँपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुलाई मापन योग्य बनाई प्रस्तुत गरियो।

## ७. **सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रम विवरण :**

सामाजिक परीक्षणको लागि कार्यविधि अनुसार सरोकारवालाहरुको सहभागितामा निम्न मिति, समय र स्थानमा विज्ञ टोलीद्धारा प्रारम्भिक प्रस्तुतिकरण गरी विभिन्न सल्लाह र सुझाव प्राप्त गरियो ।

क) मिति : २०८१ साल पौष ६ गते ।
ख) स्थान : दिप्रुङ चुइचुम्मा गाउँपालिका हल
ग) उपस्थिति संख्या : १९ जना ।

## ८. <u>सामाजिक परीक्षण प्रतिवेदन तयारी</u> :

सामाजिक परीक्षण कार्यविधि अनुसारको ढाँचामा गाउँ कार्यालयको विभिन्न विषयगत शाखाहरु, वडा कार्यालयहरु, सम्बद्ध संघसंस्था र कार्यालयहरुसँग रहेको सूचकगत कार्य प्रगति, जनप्रतिनिधि र सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रिया र प्रारम्भिक प्रतिवेदन उपर प्राप्त सुझावहरु समेतलाई विज्ञटोलीद्धारा सूचकगत तथा विषयगत रुपमा विश्लेषण गरी सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरिएको हो ।

# ९. गाउँपालिकाको परिचय

## ९.१ गाउँपालिकाको संक्षिप्त परिचय

चाम्लिङ राईको बाहुल्यता रहेको यस गाउँपालिकाको नामाकरण चाम्लिङ भाषबाट भएको पाईन्छ । चाम्लिङ राई  भाषामा दिप्रुङको अर्थ 'लेक' भन्ने हुन्छ । सुवेदार हर्कमान चाम्लिङ नेपाली अंग्रजी शब्दकोष अनुसार खेतीपाती तथा पशुपालनका लागि लेकमा गोठ बनाई बस्ने चलन अनुसार बेशीबाट लेकतर्फ अस्थाई बसाईसराई गर्ने क्रममा लेकलाई दिप्रङ भन्न थालिएको हुन सक्छ । त्यस्तै चाम्लिङ भाषमा डाँडाबाट चुङ वा चुङमा भन्ने गरिन्छ । त्यही चुङमा शब्द अपभ्रश हुदै चुम्मा भएको देखिन्छ । तसर्थ दिप्रुङ र चुम्मा मिलेर गाउँपालिकाको नामकरण भएको मान्न सकिन्छ ।

### ९.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवम् प्रशासनिक विभाजन

खोटाङ जिल्लाका ८ वटा गाउँपालिकाहरु मध्ये दिप्रुङ चुइचुम्मा गाउँपालिका प्राकृतिक  स्रोत साधन र सुन्दरताले भरिपूर्ण गाउँपालिका हो । यो गाउँपालिकाको सदरमुकाम खोटाङ जिल्ला सदरमुकाम दिक्तेल (दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका) देखि दक्षिण भेगमा करीब २१ कोष (६७.२) कि.मी मा अवस्थितछ । साविकका याम्खा , टेम्मा, डाँडागाउँ, छोरम्बु, बतासे, छितापोखरी र सत्तेश्वर छितापोखरी गा.वि.स. हरु समावेश भएर बनेको यस गाउँपालिकाका ७ वटा प्रशासनिक वडामा विभाजन गरिएको छ भने कुल क्षेत्रफल १३६.५० वर्ग किमी रहेको छ । यस गाउँपालिकाको पूर्वमा साकेला गाउँपालिका, उत्तरमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र साकेला गाउँपालिका, पश्चिममा हलेशी तुवाचुङग  नगरपालिका र उदयपुर जिल्ला र दक्षिणमा खोटेहाङ गाउँपालिका रहेको छ ।

सात वटा वडामा विभाजित दिप्रुङ चुईचुम्मा गाउँपालिकामा क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो वडा नं. ४ हो भने सबबै भन्दा सानो वडा नं. ३ हो । गाउँपालिकाको प्रशासनिक विभाजन तालिका १ मा प्रस्तुत गरिएको छ ।

तलिका १ : वडा कार्यालय सम्बन्धी विवरण

| वडा | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल | स्वामित्व |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालयको भवन, याम्खा | १७.३ | आफ्नै |
| २ | २ नं. वडा कार्यालय भवन, डाँडागाउँ | १४.३९ | आफ्नै |
| ३ | ३ नं. वडा कार्यालय , छोरम्बु | १०.७७ | आफ्नै |
| ४ | ४ नं. वडा कार्यालय , बतासे | ३७.२३ | आफ्नै |
| ५ | ५ नं. वडा कार्यालय, सप्तेश्वर छितापोखरी | १५.७४ | आफ्नै |
| ६ | ६ नं. वडा कार्यालय, छितापोखरी | २३.१७ | आफ्नै |
| ७ | ७ नं. वडा कार्यालय , टेम्मा | १७.९ | आफ्नै |
| | जम्मा | १३६.५० | |

**९.१.२ गाउँपालिकाको जनसंख्या छनौट :**

कुल १६३०५ जनसंख्या तथा ३८०१ घरधुरी रहेको दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सबैभन्दा बढी जनसंख्या वडा नं. ४ मा ( ३१२६) र सबैभन्दा कम जनसंख्या वडा नं. ६ मा (१५५४) रहेको छ । जनसंख्या तथा विवरणलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।तालिका नं. २ वडागत घरधुरी संख्या र जनसंख्या सम्बन्धी विवरण

 यस गाउँपालिकाको परिवारको आकार ४.२९, लैङ्गिक अनुपात ९७.३५, बार्षिक जनसंख्या बृद्धि दर -२.०४, जनघनत्व ११९ रहेको छ ।

## ९.२ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था

गाउँपालकाको साक्षरता प्रतिसत ६९.५० रहेको छ । गाउँपालिकाभित्र २३ वटा बाल विकास केनद्र र ४९ वटा विद्यालय संचालनमा रहेका छन् । गाउँपालिकाभित्र ७ वटा स्वास्थ्य चौकी र ५ वटा सामुदायिक स्वास्थ्य केन्द्र गरी जम्मा १२ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गरिरहेको छन् । यस क्षेत्रमा ७ वटा बर्थिङ्ग सेन्टर संचालनमा रहेका छन्  भने स्वाथ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत

| वड नं. | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ११५० | १२१७ | २३६७ |
| २ | १०२८ | ११२६ | २१५४ |
| ३ | ९५० | ९४५ | १८९५ |
| ४ | १५६३ | १५६३ | ३१२६ |
| ५ | ११४३ | १२२५ | २३६८ |
| ६ | ८०१ | ७५३ | १५५४ |
| ७ | १४०८ | १४३३ | २८४१ |
| जम्मा | ८०४३ | ८२६२ | १६३०५ |

६०.५ प्रतिसत रहेको छ ।

युवा जनशक्तिको आकार धेरै रहनु तथा शक्तिलाई परिचालन गरी विकासको गतिलाई तीव्रता प्रदान गर्ने आवसरहरुसमेत रहेको छन् ।

## ९.३ समस्या र चुनौति

ग्रामीण प्रकृतिको गाउँपालिका त्यसमा पनि कतिपय सेवा सुविधा, सडक सञ्जालको विस्तार, सुरक्षित खानेपानीको उचित प्रबन्ध, अन्य सामाजिक पूर्वाधारको कमी रहेको छ । वर्षयाममा अबरोध हुने सडक संजालले आर्थिक गतिविधिलाई असर पारेको छ । स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसरहरु पर्याप्त नहुँदा युवा जनशक्ति विदेशिनु परेको कारणले कृषियोग्य जमिनको उचित उपयोग हुन सकिरहेको छैन । गाउँपालिकामा आधारभूत र गुणात्मक सेवा र सुविधाको

अभावमा बसाईसराईको क्रम बढ्दो अवस्थामा छ । गाउँवासीमा चेतनाको कमी, जनताका बढ्दो अपेक्षाहरुको यथोचित सम्बोधनमा स्रोत साधनको कमी, निर्यातयोग्य कृषि वस्तुको उचित बजारीकरण हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेको छ । कृषि उत्पादनमा देखिएका प्रमुख समस्याहरुमा उत्पादकत्वमा कमी, जनताको ,न्यून आयआर्जन, गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको अभाव, युवा शक्ति बैदेशिक रोजगामा जाने जस्ता रहेको छन् । कृषि र जडिबुटीमा आधारित उद्योगको विकास, सडक यातायात पूर्वाधारको निर्माणले वातावरणीय ह्रास न्यूनिकरण गर्दै सडक निर्माण तथा स्तरोन्नति गर्नु चुनौतिपूर्ण रहेको छ । पर्यटकीय स्थलमा आधारभूत भौतिक पूर्वाधार लगायतका सुविधाको विकास गरी पर्यटन क्षेत्रको विकास गर्ने कार्य पनि चुनौतिपूर्ण छ । गुणात्मक शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक पूर्वाधारहरुको विकास गर्दे नागरिकहरुमा चेतना र सीपको स्तर अभिवृद्धि गरी समृद्ध गाउँपालिका बनाउनु चुनौतिको रुपमा रहेको छ । गुणात्मक शिक्षा, स्वास्थ्य जस्ता कतिपय सामाजिक समस्याहरुले विगतका उपलब्धिहरु न्यून नै देखिएका छन् ।

समृद्धिका लागि यस गाउँपालिकामा समस्या एवं चुनौतिहरु छन् । असहज भौगोलिक धरातल र छरिएर रहेको वस्तीका कारण तिनीहरु सबै सडक यातायात, खानेपानी पानी , बिजुली संचार जस्ता आधारभूत पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने कार्य आफैमा चुनौतिपूर्ण छ । विद्यमान अवस्थामा कच्ची सडक पूर्वाधार आफैमा चुनौतिपूर्ण बनेको छ । अधिकांश सडकहरु बाह्रै महिना संचालनमा आउन सक्दैन । पर्याप्त पानीको श्रोत बाबजुद कृषि भूमिहरु पर्याप्त सिंचाईको अभाव छ , खेती योग्य जमिनहरु बाँझो रहेका छन् । परम्परागत र निर्वाहमुखी खेती प्रणालीका कारण कृषि पेशाबाट नै कृषकहरु विस्थापित हुनेहरु बढ्दो छ । कृषिमा आधुनिकरण र व्यवसायिक गर्ने वातावरण सिर्जना गर्नु यस गाउँपालिकाको अर्को चुनौति हो भने खेतीयोग्य जमिन भाडामा लिने दिने अभ्यास विकास नभएकाले इच्छुक कृषकहरु जमिन अभावकै कारण व्यवसायिक खेती प्रति आकर्षित हुन सकिरहेको छैन । कृषि विमा विउ, विजन, सहुलियत दरमा कृषि ऋणका लागि सम्बन्धित संस्थाहरु बीच आपसी समन्वय र नीतिगत पक्षको अभाव एवं त्यसको व्यवहारिक कठिनाई छ ।

शिक्षा क्षेत्रको विकासका आवश्यक पूर्वाधार, साधन श्रोत, उपकरणको पर्याप्त व्यवस्थापन हुन सकेको छैन । प्रविधिमैत्री गुणस्तरीय शिक्षण विधि, दक्ष विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु गुणात्मक शिक्षाको चुनौतिको रुपमा रहेको छ । स्वास्थ्यतर्फ पालिकास्तरको अस्पताल निर्माण नभई प्रयोगशाला एवम् फार्मेसी सेवाको व्यवस्था नभएकोले आवश्यक्तानुसारको औषधी व्यवस्था हुन नसक्नु, गुणस्तरीय उपचारको अभाव र आपतकालीन स्वास्थ्य सेवा नभएका कारण अकालमा मानव मृत्यु हुने गरेको छ । बालश्रम मुक्त, बाल विवाह नियन्त्रण, लैगिंक हिंसाको अन्त्य, छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने महिला निरक्षता ठूलो संख्यामा रहेको छ यसलाई पूर्ण साक्षरता बनाउन गाउँपालिकाको अर्को चुनौतिको रुपमा रहेका छ ।

## १०. गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उद्धेश्यहरु :

## १०. दिर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

### १०.१ विकासको दिर्घकालीन सोच

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको विकास सरोकारवालाहरुको सहभागितामा आर्थिक सामाजिक तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा उल्लेखेनिय योगदान दिने भावना अनुरुप गाउँपालिकाको पहिलो आवधिक योजना (२०७६।७७-०८०।८१) मा देहाय अनुसारको दिर्घकालीन सोच तयार गरिएको छ ।

"हाम्रो परिकल्पना : समृद्ध दिप्रुङ्ग चुइचुम्मा"

### १०.२ समष्टिगत लक्ष्य

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको समष्टिगत विकासका लागि "कृषिको आधुकिकरण, पर्यटन प्रवर्द्धन गर्दे आर्थिक एवं सामाजिकस्तरमा बृद्धि, वन वातावरण एवं दिगो पूर्वाधारको विकास, स्वावलम्बी एवं आात्मनिर्भर नागरिक तयार गरी समन्यायिक, सभ्य र सुसंस्कृत , सुशासनयुक्त समाजको निर्माण गर्ने" मुख्य लक्ष्य निर्धारण गरिएको छ । आवधिक योजनाको अवधिका लागि निर्धारण गरिएको समग्र लक्ष्य सूचकहरु देहाय अनुसार हासिल हुन अपेक्षा गरिएको छ ।

तालिका : लक्ष्य सूचक -आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)

| सूचक | इकाई | आधारवर्ष आ.व.०७५/७६ सम्मको अवस्था | लक्ष्य (सम्मको अवस्था | |
|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ |
| प्रति व्यक्ति वार्षिक आय रु ३७०० भन्दा कम आम्दानी हुने जनसंखया | प्रतिशत | १७ प्रतिशत | १३ प्रतिशत | १० प्रतिशत |
| आफ्नो उत्पादन र आम्दानीबाट वर्षनी खाना पुग्ने परिवार | प्रतिशत | १८२००( ८१ प्रतिशत | १९०००(८५) प्रतिशत | १९७००(८८) प्रतिशत |
| आम्दानीको दुई तिहाई भन्दा बढी खानामा | प्रतिशत | ६७ प्रतिशत | ५० प्रतिशत | ४० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| खर्च गर्ने परिवार | | | | |
| बाल कुपोषण दर | प्रतिशत | ४ | २ | ० |
| बाल विवाहको दर | प्रतिशत | ४० | ३० | २० |
| महिला हिंसाको घटना | प्रतिशत | ५१ | २५ | ० |
| बाह्रै महिना संचालन हुने सडक (१०७ कि.मी. | प्रतिशत | ६० | ९० | १०० |
| रुख विरुवाले ढाकेको वा हरियो क्षेत्र (१००/ | प्रतिशत | ३८/६५ | ३८/८० | ३८/९० |
| गाउँपालिकाका भित्रको बेरोजगारको संख्या | प्रतिशत | ३ | २ | १ |
| उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | ०.७ | १० | २० |
| बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय घण्टामा | प्रतिशत | २ | १ | १/२ |

स्रोत : दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आवधिक गाउँ विकास योजना, २०७५

## १०.३ विषयक्षेत्रगत बृहत उद्देश्यहरु

### १०.३.१ आार्थिक विकास

स्थानीय स्रोत साधनको समुचित प्रयोग गरी व्यवसायीक कृषि, पर्यटन उद्योग र व्यापार  व्यवसाय, वित्तिय सेवा मार्फत उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात उन्मुख भएर आर्थिक समृद्धिको आधारशिला तयार हुने ।

### १०.३.२ सामाजिक विकास

गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी र सरसफाई सेवा, सामाजिक मूल्य मान्यता र सदभावमा आधारित समावेशी तथा समतामूलक समाजको निर्माण गर्दे कला भाषा तथा संस्कृतिको संरक्षण एवं सम्बद्धन गर्ने ।

१०.३.३  सुरक्षित सडक यातयात, व्यवस्थित वस्ती, प्रबर्द्धित बजार , सुविधायुक्त पूर्वाधार, भरपर्दो सिंचाई सुविधा विश्वासनीय संचार प्रणाली सहितको दीगो भौतिक पूर्वाधार विकास गर्ने

### १०.३.४ वन, वातवरण तथा विपद् व्यवस्थापन

वन तथा वातावरण क्षेत्रको दिगो संरक्षण सम्बर्द्धन गरी सम्पदाहरुको उपयोग गरौ ।

१०.३.५ सुशासन तथा संस्थागत विकास

गाउँपालिका र स्थानीय सरोकारवालाहरुको संस्थागत विकास गरी कार्य सम्पादनमा पारदर्शीता, जवाफदेहिता, उत्तरदायित्व तथा समावेशीमूलक सहभागिता अभिवृद्धि भएको हुने तथा सार्वजनिक सेवा प्रवाहमा सुधार भएको हुने ।

## १०.४ प्राथमिकता तथा रणनीतिहरु

गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषयलाई विषय क्षेत्रलाई विशेष प्राथकितामा लिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

१. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्राप्त एकल अधिकार तथा साझा अधिकारहरुको प्रयोग र अभ्यास सुव्यवस्थित एवं समन्वयात्मक रुपमा गर्न आवश्यक नीति, कानुन, कार्यविधि, संरचना प्रकिया तथा मापदण्डहरु निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ ।

२. संविधान प्रदत अधिकार तथा कार्य जिम्मेवारीको अधीनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दे जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ र गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।

३. सम्बद्ध सबै सरोकारवाला सबैसंग संस्थागत समन्वय कायम गर्दे श्रोत परिचालन र दोहोरोपन हटाउने गरी विकास निर्माणको कार्य गर्ने ।

४. समग्र आर्थिक विकासको लागि अग्रणी क्षेत्रहरु जस्तै कृषि, पशु, पर्यटन, जलविद्युत तथा वन पैदावारहरुको विस्तृत सभाव्यता अध्ययन गरी लगानीको वातावरण तयार गरिनेछ ।

५. कृषि, पर्यटन तथा पशुजन्य  उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धार दीगो रोजगारी, आय  तथा खाद्य सुरक्षामा बृद्धि गरिनेछ ।

६. गुणस्तरीय र व्यावसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वास्थ्य , स्वाच्छ , खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वास्थ, सिर्जनशील र सीपयुक्त मावन संशाधनको विकास गरिन्छ ।

७. लैगिंक समानता तथा सामाजिक समावेशीकरण, वातावरण तथा विपद व्यवस्थापन, जलवायु, परिवर्तन अनुकुलन समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनलाई गाउँपालिकाको विकास प्रक्रियामा एकीकृत गरी  विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाईनेछ ।

८. संघ र प्रदेश सरकारका संग सहकार्यको क्षेत्र पहिचान गर्ने र सहकार्यको खाका तयार गर्ने प्रार्कतिक श्रोतको उपयोग  स्थानीय बजार प्रवर्धन लगायत विकासका लागि अन्य संभावित क्षेत्रहरुको पहिचान गरी छिमेकी पालिकाहरुसंग सहकार्यको खाका तयार गरी कार्यान्वयन गरिनेछ ।

**१०.५. आर्थिक बर्ष २०८०।८१ को नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु :**

क. धुलो रहित कक्षा कोठा व्यवस्थापन र गुणस्तरीय, बालमैत्री, प्रविधिमैत्री शिक्षा,
ख. गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार,
ग. कृषिको आधुनिकीकरण, व्यवसायीकरण,
घ. कृषि उत्पादन एवम् उत्पादकत्व अभिबृद्धि मार्फत खाद्यय सुरक्षाको प्रत्याभूति,
ङ. तत्काल प्रतिफल प्राप्त हुने रणनैतिक महत्वका पूर्वाधार निर्माण (सडक सुधार)
च. सवै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलको न्यायपूर्ण वितरण
छ. सूचना प्रविधि तथा सञ्चार विकास,
ज. जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा अभिबृद्धि ।

**११. <u>गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :</u>**

**क. स्वास्थ्यतर्फ**

१. पन्ध्र महिना मुनिका २०० बालवालिकाहरुलाई पूर्ण खोपको सेवा प्रदान गरिएको छ ।
२. सात वटा बर्थिङ्ग सेन्टरहरुबाट सेवा चौविसै घण्टा प्रवाह गरी १२१ जनालाई संस्थागत प्रसुति सेवा उपलब्ध गराइएको छ ।
३. शिशु पोषण प्रवर्द्धन कार्यक्रम सम्बन्धित स्वास्थ्य संस्थाबाट ७२१ जनालाई उपलव्ध गराइएको ।
४. बाल मृत्यूदर र मातृ मृत्यूदर शुन्य बनाइएको ।
५. दक्ष महिला प्रसुतिकर्मीबाट घरैमा १२१ जना प्रसुति तथा नवजात शिशुलाई स्वास्थ्य जाँच सेवा उपलव्ध गराइएको ।
६. स्वास्थ्य संस्थाहरुबाट गर्भवति महिलाहरुलाई भिडियो एक्सरे सेवा उपलव्ध गराइएको ।

**ख. शिक्षातर्फ**

१. दरबन्दी मिलान गरी विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको दरबन्दी मिलान गरिएको र ५ वटा विद्यालयहरुमा कक्षा कटौती गरी व्यवस्थापन गरिएको ।
२. पालिका अनुदानमा ३० जना स्वयम् सेवा शिक्षकहरु व्यवस्थापन गरी शैक्षिक गुणस्तर कायम राख्न पहल गरिएको ।

३. पालिकाको दुर्गम क्षेत्रमा रहेका विद्यार्थीहरुको लागि प्राथामिकता दिई पिचाकु आधारभूत विद्यालय स्थापना गरी सञ्चालन गरिएको जसमा २६ जना विद्यार्थीहरु अध्ययनरत रहेको ।
४. पिचाकु आधारभूत विद्यालयमा ३ कोठे भवन निर्माण गरी नयाँ विद्यालय सञ्चालन एवम् विभिन्न विद्यालयहरुमा २२ वटा विद्यालयहरुमा १०१ कक्षा कोठालाई ढलान गरी धुलो रहित बनाई कक्षा कोठा व्यवस्थापनमा थप सुधार गरिएको छ ।

## ग. खानेपानी तथा सरसफाई

१. सापतेल र भण्डारे खानेपानी पम्पिङ्ग खानेपानी आयोजना लगायत सानातिना योजना तथा मर्मत संरक्षण सहित ३३ वटा खानेपानी योजना सञ्चालनबाट ५१५ घरधुरीमा थप व्यवस्थीत खानेपानी व्यवस्थापन गरिएको छ ।

## घ. बालबालिका, महिला र समावेसी :

१. विपन्न दलितहरुलाई सिलाई मेसिन तथा ग्रेन्डीङ मेसिन वितरण गरिएको ।
२. बालवालिकाको सहभागितामा माध्यमिक विद्यालयमा १४ वटा वालक्लवहरु मार्फतनै वाल क्लवहरु नियमित रुपमा बैठक तथा बाल गतिविधिहरु सञ्चालन गरेकाको ।
३. विपन्न परिवारलाई ढाका बुनाई तालिम ९० जना, अल्लो कपडा बुनाई १५ जना, जुत्ता मर्मत २० जनालाई तालिम प्रदान गरिएको ।

## ङ. जनचेतना र गरिवी न्यूनिकरण :

१. गरिवसँग विशेश्वर कार्यक्रमबाट २७ घरलाई समुहमा आवद्ध गराई च्याउ खेतिमा सहयोग प्रदान गरिएको छ ।
२. महिलाहरुको लागि १ समुहमा बाखा पालन कार्यक्रम, माछा पोखरी १९ जनालाई, वीउ विजन वितरण २०० परिवारमा, फलफूलको विरुवा वितरण १६०० जनालाई, किट नासक विषादी १५०० जनालाई र पशु औषधि १५०० जनालाई वितरण गरिएको छ ।
३. कृषि तथा पशुपालन तालिम लिने १५ जना सहभागिहरुलाई प्लाष्टिक टनेल वितरण गरिएको छ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचकृत भएका ९६५ बेरोजगार मध्ये १०२ जनालाई रोजगारी दिइएको छ ।

**च. सेवामा पहुँच :**

१. हरेक वडावडामानै उपभोक्ता समितिहरुलाई अभिमुखिकरण गराई वडा केन्द्रमानै योजना सम्झौता गरिएको ।
२. न्यायकि समितिमा आर्थिक बर्ष भरीमा जम्मा ३ वटा मुद्दाहरु दर्ता भएकोमा ३ वटै मुद्धाहरु फर्च्यौट गरिएको ।
३. कार्यालय भवनको निर्माण भएको छ ।
४. पालिका भित्रका २५.४८ कि.मि. सडक स्तरउन्नती तथा १४.४३ किलो मिटर नयाँ सडक ट्रयाक निर्माणको कार्य भएको छ ।
५. पाँच वटा सिचाई योजना सम्पनभई ३१० घरधुरीको जमिनको लागी सिचाई सेवा उपलब्ध भएको ।

**छ. वातावरण तथा विपद व्यवस्थापन :**

१. भारी वर्षातको कारण पूर्ण क्षति वा विस्थापित एवम् जोखिममा परेका गरी १० जनालाई आकस्मिक कोषबाट राहत प्रदान गरेको ।

**ज. संस्थागत क्षमता विकास :**

१. पालिका गान र लोगो तयार भई प्रयोगमा आएको छ ।
२. पालिका तारा कार्यक्रम सञ्चालनगरी पालिका भित्रका प्रतिभाहरुको संरक्षण र सम्बर्द्धन गरिएकोछ ।
३. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पालिकाको संगठन संरचना र कर्मचारी दरबन्दी स्वीकृत गरिएको ।
४. आन्तरिक आयमा गत बर्षको तुलनामा ०.१२ प्रतिसतले घटी भएता पनि आयलाई स्थित राख्ने प्रयास गरिएको छ ।
५. ऐन २ वटा र कार्यविधि ६ वटा निर्माण गरी लागु गरिएको छ ।
६. यस गाउँपालिकाको भू- उपयोग योजना निर्माण कार्य सम्पन्न भएको छ ।
७. संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८३.५ अंक प्राप्त गरी खोटाङ्ग जिल्लामा दोश्रो स्थानमा रहेको ।

**झ. समन्वय र सहकार्य**

१. सामुदाय साझेदारी प्रहरी कार्यक्रम मार्फत गाउँमा सुसासन प्रबर्द्धन गरिएको छ ।
२. प्रकोप व्यवस्थापनका लागि विभिन्न व्यक्ति तथा समुदायसँगको सहकार्य भई विपद् व्यवस्थापन गरिएको छ ।
३. खोटेहाङ्ग गाउँपालिका र साकेला गाउँपालिकाहरुसँगको सहकार्यमा अन्तरपालिका सडक सरसफाई कार्य सम्पादन गरिएको ।

४. दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिका स्थित विमानस्थल देखि यस पालिकाको केन्द्र सम्म जोड्ने सडक स्तरोन्नति कार्य गरिएको ।

## १२. यस वर्षको मुख्य मुख्य उपलब्धिहरु :

### क. स्वास्थ्यतर्फ

७. आधारभूत अस्पताल स्थापना गरी उपकरणसहितको स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

८. स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५२ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ । यसको लागि ४० जना स्वास्थ्यकर्मी र ७९ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमितरुपमा परिचालन गरिएकोछ।

९. पन्ध्र महिना मुनिका २३२ बालवालिकाहरुलाई पूर्ण खोपको सेवा प्रदान गरिएको छ ।

१०. सात वटा बर्थिङ्ग सेन्टरहरुबाट सेवा चौविसै घण्टा प्रवाह गरी ५० जनालाई संस्थागत प्रसुति सेवा उपलव्ध गराइएको छ ।

११. हेल्लो डाक्टर कार्यक्रमबाट विभिन्न प्रकारका औषधिहरुसहित २४ सै घण्टा सेवा सञ्चालन गरी १७५० जनालाई घरैमा सेवा उपलव्ध गराइएको छ ।

१२. स्वास्थ्य सेवाको लागि स्थापना भएका विभिन्न १० वटा सेवा केन्द्रहरुबाट जम्मा ३५३१ परिवारलाई स्वास्थ्य सेवा प्रवाह गरिएको छ ।

१३. शिशु पोषण प्रवर्द्धन कार्यक्रम सम्बन्धित स्वास्थ्य संस्थाबाट उपलव्ध गराइएको ।

१४. बाल मृत्यूदर र मातृ मृत्यूदर शुन्य बनाइएको ।

१५. दक्ष महिला प्रसुतिकर्मीबाट घरैमा प्रसुति तथा नवजात शिशुलाई स्वास्थ्य जाँच सेवा उपलव्ध गराइएको ।

१६. स्वास्थ्य संस्थाहरुबाट गर्भवति महिलाहरुलाई भिडियो एक्सरे सेवा उपलव्ध गराइएको ।

### ख. शिक्षातर्फ

५. सामुदायिक विद्यालय ४९ र वालविकास केन्द्र ३५ गरी जम्मा ८४ वटा शैक्षिक केन्द्रहरुबाट नियमित रुपमा पठनपाठन सेवा सञ्चालन गरिएको छ ।

६. दरबन्दी मिलान गरी विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको दरबन्दी मिलान गरिएको ।

७. स्वयम् सेवा शिक्षकहरु व्यवस्थापन गरी शैक्षिक गुणस्तर कायम राख्न पहल गरिएको ।

८. पालिकाको दुर्गम क्षेत्रमा रहेका विद्यार्थीहरुको लागि प्राथामिकता दिई पिचाकु आधारभूत विद्यालय मा २६ जना विद्यार्थीहरु अध्ययनरत रहेको ।

९. आधारभुत तह कक्षा (१-६) सम्मका २बालवालिकाहरुलाई दिवा खाजा उपलव्ध गराइएको ।
१०. कक्षा १ देखि ८ सम्मका सवै प्रकारका छात्रा र दलित विद्यार्थीहरु १७७ जनालाई छात्रवृति उपलव्ध गराइएको ।
११. कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक उपलव्ध गराइएको ।
१२. EMIS तथा पाठ्क्रम प्रवोधिकरण कार्यक्रम सञ्चालन गरि.तालिम प्रदान गरिएको ।
१३. प्राविधिक धारको आवसिय विद्यालय संचालन राम्चे मावि इजारामा सञ्चालन गरिएको

**ग. खानेपानी तथा सरसफाई**

२. विभिन्न स्थानमा सानातिना योजना तथा मर्मत संरक्षण सहित २२ वटा खानेपानी योजना सञ्चालनबाट २६३ घरधुरीमा थप व्यवस्थीत खानेपानी व्यवस्थापन गरिएको छ ।
३. ओखे हस्पिटल र भण्डारेघाटमा शौचालय निर्माण गरिएको छ ।

**घ. बालबालिका, महिला र समावेसी :**

४. **पाठेघर खसेका महिलाहरुको लागि स्क्रीनिङ शिविर सञ्चालन गरी प्रसुतिगृह काठमाडौमा लगेर १३ जना महिलाहरुको शल्यक्रिया र ३ जनाको उपचार गरिएको ।**
५. बाँसबाट हस्तकलाका सामाग्री उत्पादन गर्न २० जना दलित एवम् महिला लगायतलाई तालिम प्रदान गरिएको ।
६. बालवालिकाको सहभागितामा माध्यमिक विद्यालयमा १९ वटा वालक्लवहरु मार्फतनै वाल क्लवहरु नियमित रुपमा बैठक तथा बाल गतिविधिहरु सञ्चालन गरेकाको ।
७. जनप्रतिनिधि, कर्मचारी, आमा समुहको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध र महिला कानूनी अधिकार सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी अधिकार प्रति सचेत बनाइएको छन् ।
८. लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको ।

**ङ. जनचेतना र गरिवी न्यूनिकरण :**

५. कि वी खेतीलाई व्यवसायिक बनाई उत्पादनमा वृद्धि गर्नका लागि ७ वटा कृषि फर्महरुलाई कि वीको लागि पोल निर्माणमा सहयोग गरिएको ।
६. एक घर एक टनेल कार्यक्रम अन्तरगत २४१ जनलाई प्लाष्टिक टनेल वितरण गरिएको ।
७. कृषि तथा पशुपंछी प्रोत्साहन कार्यक्रम १२ वटा कृषक समुहलाई उपलव्ध गराइएको ।
८. लघु उद्यम विकास कार्यक्रमबाट २० घरलाई समुहमा आवद्ध गराई बाँसबाट हस्तकला तथा फर्निचर निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ ।

९. कृषिलाई व्यवसायीक बनाउन किवीको पोल निर्माण ७ वटा समुहलाई, प्लाष्टिक टनेल २४१ जनालाई र कृषि तथा पशु प्रोत्सहान कार्यक्रममा अनुदान वितरण १२ समुहलाई वितरण गरिएको छ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचकृत भएका ६६५ बेरोजगार मध्ये ७७ जनालाई रोजगारी दिइएको छ ।

११. अपाङ्गता भएका ३४५ जनालाई अपाङ्गगता पुर्नस्थापना कार्यक्रमको विषयमा अभिमुखिकरण गरिएको छ ।

**च. सेवामा पहुँच :**

६. पालिकाका सवै वडा कार्यालयहरु, सेवा केन्द्रहरु, शिक्षण संस्थाहरु लगायतका सँघसंस्थाहरुबाट नियमित सेवा प्रभावकारी रुपमा प्रवाह हुँदै गरेको छ ।

७. गाउँपालिकाको केन्द्रबाट वा राजमार्गबाट वडा केन्द्र सम्म जोडने ग्राभेल तथा स्तरोन्नति गरी सेवा लिनको लागि सहजता प्रदान गरिएको

८. त्यसै गरी सवै वडाहरुमा स्वास्थ्य सेवा विस्तारका लागि सेवा केन्द्रहरु नियमित रुपमा सञ्चालनमा रहेको ।

९. बैक तथा वित्तिय संस्थाहरुबाट सेवा व्यवस्थापन भएको ।

१०. हरेक वडावडामानै उपभोक्ता समितिहरुलाई अभिमुखिकरण गराई वडा केन्द्रमानै वटा योजना सम्झौता गरिएको ।

११. सामाजिक सुरक्षा भत्तालाई बैकिङ्ग प्रणालीवाट व्यस्थापन गरिएको छ भने राजश्व भुक्तानीलाई अनलाईन प्रणालीबाट गरिएको छ ।

१२. हरेक चौमासिकमा वडा केन्द्रमा सामाजिक सुरक्षा भत्ता वितरण तथा स्वास्थ्य जाँच लगायतका २८ वटा कार्यक्रम सञ्चालन गरी ३४७९ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण र २१५४ जना सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिहरुको सामान्य स्वास्थ्य जाँच सेवा उपलव्ध गराइएको छ ।

१३. हेल्लो डाक्टर कार्यक्रम मार्फत सुगर तथा प्रेसर जाँच लगायतका माग अनुसारको स्वास्थ्य परीक्षण एवम् औषधि समेतको सेवा घरदैलोमा १७५० जनाले सेवा प्राप्त गरेका छन् ।

१४. न्यायकि समितिमा आर्थिक बर्ष भरीमा जम्मा ३ वटा मुद्धाहरु दर्ता भएकोमा ३ वटै मुद्धाहरु फर्स्यौट गरिएको ।

१५. विद्यालय भवन, चिस्यान केन्द्र लगायतका भवनको निर्माण भएको छ ।

१६. वडास्तरबाट आउने ७.२ कि.मि. सडक स्तरउन्नती तथा ८.१ किलो मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ।

१७. आठ वटा सिचाई योजना सम्पनभई ३१० घरधुरीको जमिनको लागी सिचाई सेवा उपलब्ध भएको।

**छ. वातावरण तथा विपद व्यवस्थापन :**

२. पालिकामा शहरी क्षेत्रको विस्तार नभई सकेको हुँदा स्थानीय बजारमा नियमित रुपमा फोहोर संकलन गरी नजिकैको खुला स्थानमा व्यवस्थापन गरिएको ।

३. भारी वर्षातको कारण पूर्ण क्षति वा विस्थापित एवम् जोखिममा परेकालाई आकस्मिक कोषबाट राहत प्रदान गरेको ।

**ज. संस्थागत क्षमता विकास :**

८. गाउँ सभा र कार्यपालिका बैठकहरु सम्पन्न भएका छ ।

९. संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत भई अभिलेखिकरण गरिएको छ ।

१०. कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थापन थालनी गरिएको छ ।

११. गाउँ तथा हरेक वडाहरुमा नागरिक वडापत्र राखिएको छ ।

१२. पालिका गान र लोगो तयार भई प्रयोगमा आएको छ ।

१३. बाषिर्क पुस्तिका प्रकासन, राजपत्र प्रकासन तथा वेवसाईट अद्यावधिक गर्ने कार्य नियमित रुपमा भएका छन् ।

१४. विभिन्न समितिहरुको समय समयमा बैठक बसी आवश्यक निर्णयहरु गरि कार्यान्वयनमा आएका छन् ।

१५. आन्तरिक आयमा अनुमानित आयमा १४४.१३ प्रतिसत उपलव्धी हासिल भएको छ । गत बर्षको तुलनामा ११३.७० प्रतिसतले उल्लेखनीय रुपमा बृद्धि गरिएको छ ।

१६. बेरुजु रकम ७,९३,२०१ असुल गरी बेरुजु न्यूनिकरण अभियान सञ्चालन गरिएको छ ।

१७. जन्म दर्ता ८३२, मृत्यु दर्ता १७५, विवाह दर्ता १५२, सम्बन्ध विच्छेद १७, बसाई सराई आएको ८ र गएको १२० गरी जम्मा १३०४ वटा व्यक्तिगत घटनाहरु दर्ता भएको छ ।

१८. ज्येष्ठ नागरिक १३३७, ज्येष्ठ नागरिक महिला १३८, ज्येष्ठ दलित १०८ , विधवा १८२ , पूर्ण अपांग ७४, अति असक्त १४९ र दलित बालवालिका १७३ गरी २१६१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।

१९. ऐन २ वटा र कार्यविधि ३ वटा निर्माण गरी लागु गरिएको छ ।

२०. गाउँपालिकाबाट सम्पादन भएका कृयाकलापहरुलाई त्रैमासिक रुपमा स्वतः प्रकाशन गरिएको छ ।

२१. किसान सुचीकरण कार्यक्रम अनुसार थप १५० घर सूचीकरण गरी हालसम्म २२९० घरधुरी सूचीकरण गरिएको छ ।

२२. आ.व. २०७९/८० को कुल ५४ करोड ६२ लाख ६५ हजार ९८१ रुपैयाको अन्तिम लेखापरिक्षण भएकोमा ९.७ प्रतिसत मात्र वेरुजु कायम भएको छ ।

२३. संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८३.७५ अंक प्राप्त गरी खोटाङ्ग जिल्लामा दोश्रो स्थानमा रहेको ।

### झ. समन्वय र सहकार्य

५. सरकारी तथा गैर सरकारी कार्यालय एवम् संघसंस्थाहरु, विद्यालय तथा सहकारी संस्थाहरु, आमा समुहहरु, सामुदायिक वन, विकास साझेदार संस्थाहरु सञ्चार क्षेत्र लगायतका सरोकार क्षेत्रहरुसँग समन्वय र सहकार्य गरी नियमित सेवा तथा विकास व्यवस्थापन गरिएको छ ।

६. सामुदाय साझेदारी प्रहरी कार्यक्रम मार्फत गाउँमा सुसासन प्रबर्द्धन गरिएको छ ।

७. प्रकोप व्यवस्थापनका लागि विभिन्न व्यक्ति तथा समुदायसँगको सहकार्य भई विपद् व्यवस्थापन गरिएको छ ।

८. दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिका स्थित विमानस्थल देखि यस पालिकाको केन्द्र सम्म जोड्ने सडक स्तरोन्नति कार्य गरिएको ।

## १३. गत वर्षमा भोगेका समस्याहरु :

१. योजना तथा कार्यक्रमहरुको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य तालिका तयार नहुँदा योजना तथा कार्यक्रमको उपलब्धी, प्रभावकारीतालाई मापन योग्य बनाउन सकिएको छैन

२. स्वीकृत बजेट अनुसार रकम निकासा नभएकाले कार्य सम्पादनमा उच्चतम उपलब्धी हुन सकेन ।

३. स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन नहुँदा गाउँपालिकाबाट प्रवाह हुने सेवालाई पर्याप्त रुपमा चुस्त बनाउन सकिएन ।

४. कार्यालय नयाँ भवनमा स्थान्तरण नहुँदा सेवा सञ्चालनमा सहज रुपमा प्रदान गर्न सकिएन ।

## १४. गाउँपालिकाको आ.व. २०८०।८१ को क्षेत्रगत वजेट खर्चको संक्षिप्त विवरण ।

| क्र.स. | क्षेत्र | विनियोजन | खर्च | विनियोजन बजेटको क्षेत्रगत प्रतिसत | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७५७३०८५.४ | ३३९६०८१०.८९ | ७.१९ | ९०.३९ | ३६१२२७४.५१ |
| २ | सामाजिक विकास | २४७१९९००० | २२५८७२७२९.७ | ४७.३१ | ९१.३७ | २१३२६२७०.३ |
| ३ | पूर्वाधार विकास | ११५२९०००० | १०२०४५३८३.१ | २२.०६ | ८८.५१ | १३२४४६१६.९ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५७३०००० | ४७२४१४३ | १.१० | ८२.४५ | १००५८५७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | ११६७५९९०० | ९१७१४३१६.४८ | २२.३४ | ७८.५५ | २५०४५५८३.५ |
| **जम्मा** | | **५२२५५१९८५.४०** | **४५८३१७३८३.१६** | **१००.००** | ८७.७१ | ६४२३४६०२.२ |

## १५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा :

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु जनप्रतिनिधिहरु विषयगत शाखाहरु, वडा कार्यालयहरु, सम्बद्ध कर्मचारीहरु, विभिन्न सरोकारवाला संघसंस्थाहरु एवम् सरोकारवालाहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र विभिन्न प्रकारका प्रतिवेदनहरु र कार्यालयबाट प्राप्त् सूचना तथा अभिलेखहरुको विश्लेषणबाट सूचकगत विश्लेषण सहितको कार्य सम्पादन लेखाजोखा प्रतिवेदन तयार गरिएको छ ।

| सूचक नम्बर | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | २०८१ असार मसान्त सम्मको प्रयास | उपलव्धी |
|---|---|---|---|---|
| **१** | **स्वास्थ्य** | | | |
| १.१ | स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या वा प्रतिसत | १०० प्रतिसत | आधारभूत अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५२ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ । यसको लागि ४० जना स्वास्थ्यकर्मी, आमा समुह ६६ वटा र ७९ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमित रुपमा परिचालन गरिएकोछ । | १०० प्रतिसत |
| १.२ | ५ वर्ष मुनिका बालबालिको प्रतिशत | ६.१ प्रतिशत | आधारभूत अस्पताल र ६ वटा स्वास्थ्य चौकीबाट चौविसै घण्टा प्रसुति सेवा सञ्चालन गरिएको छ । महिला स्वास्थ्यस्वमसेवीकाहरु मार्फत बालबालिकाहरुको स्वास्थ सुधारका लागि पोषणयूक्त खानेकुरा खुवाउने, नियमित सरसफाई गरी हेरचाह गर्न विभिन्न प्रकारका समय समयमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको | ८.७४ प्रतिसत |

| | | | | |
|---|---|---|---|---|
| | | | छ । | |
| १.३ | खोपमा पहुँच भएको जनसंख्या वा प्रतिसत (एक वर्षमुनिका बालबालिकाको आधारमा) | २०० जना | आधारभूत अस्पताल, स्वास्थ्य चौकी लगायतका स्वास्थ्य सेवा केन्द्रहरु, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५२ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित खोप प्रदान गरिएको छ । यसको लागि ४० जना स्वास्थ्यकर्मीहरुलाई प्राविधिक सेवा दिन र ७९ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमित रुपमा खोप लिनको लागि सहजीकरण गर्न वस्तीस्तरमा परिचालन गरिएको छ। | ८२ प्रतिसत |
| १.४ | ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशत) | १६८ जना | स्वास्थ्य चौकीबाट फोन मार्फत डिपल्टर अनुगमन, आमा समुहमा छलफल, मस्वसेबाट जानकारी, बर्थीङ्ग सेन्टर अनसाईट कोचिङ्ग, विद्यालयमा नर्स कार्यक्रम थालनी गरिएको छ । | ६१ प्रतिसत |
| १.५ | दक्ष प्रसुतिकर्मीबाट प्रसूती गरिएका महिलाको संख्या | १२१ जना | आधारभूत अस्पताल र छ वटा स्वास्थ्य चौकीबाट चौविसै घण्टा प्रसुति सेवा सञ्चालन गरिएकोछ । त्यसै गरी गर्भवती तथा सुत्केरी आमाहरुलाई प्रसुति जाँच समय तालिका अनुसार पुरा गरेमा रु ८०० प्रोत्सहान खर्च र यातायात खर्च रु २००० उपलव्ध गराउने कार्यक्रम | २८ प्रतिसत |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन गरिएको छ । | |
| १.६ | झाडापखालाबाट मृत्यू हुने बालबालिको संख्या | छैन | पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेवीकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । | छैन |
| १.७ | स्वास्थ्य चौकी एवम् स्वास्थ्य केन्द्रहरु, घरधुरी परिवार संख्या | ३४६८ परिवार | आधारभूत अस्पताल, स्वास्थ्य चौकी, केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५२ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ । यसको लागि ४० जना स्वास्थ्यकर्मी नियमित रुपमा परिचालन गरिएको छ । | ३६०१ घरधुरी |
| १.८ | हेल्लो डाक्टर कार्यक्रम | नभएको | हरेक वडामा फोनबाट माग अनुसार विरामीको घरदैलोमा सामान्य स्वास्थ्य सेवा उपलब्ध गराएको छ । सरकारी मापदण्ड अनुसारको निशुल्क औषधिसहितको उपचार सेवा सञ्चालनमा ल्याइएको छ जसका लागि तीन जना स्वास्थ्यकर्मीलाई परिचालन गरिएको छ । | १७५० ज्ना |

| | | | | |
|---|---|---|---|---|
| २ | **शिक्षा क्षेत्रको विकास** | | | |
| २.१ | आधा घण्टा भित्र आधारभूत तह कक्षा(१-५) मा विद्यालय नपुग्ने बालबालिकाको संख्या | १२७ जना | वस्तीस्तरबाट नजिकैको विद्यालयसम्म जाने सडकहरुलाई स्तरोन्नति गरिएको छ । त्यसै गाउँ क्षेत्रमा रहेका ४९ वटा सामुदायिक विद्यालयहरुमा बालवालिकाहरुलाई आधारभूत तह कक्षा (१-५) को सेवा उपलव्ध गराईएको छ । साथै चालु आर्थिक बर्षमा दुर्गम भेगका विद्यार्थीहरुलाई लक्षीत गरी पिचाकु आधारभूत विद्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ । जुन विद्यालयमा हाल २६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । | १०४ जना |
| २.२ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९५.२ | सामुदायिक विद्यालयमा ३५ वटा वाल विकास केन्द्रहरु सञ्चालन भएको छ । | ९५.५ |
| २.३ | आधारभूत तह कक्षा(१-५)मा पहुँच नभएका सो उमेर समुहका बालवालिका संख्या वा प्रतिशत | १४ जना | गाउँ क्षेत्रमा रहेका सवै ४९ वटै विद्यालयहरुबाट विद्यालय क्षेत्रमा पर्ने हरेक घरधुरीमा गई विद्यालय भर्ना अभियानका लागि भर्ना समयमा बैसाख १ गते देखि १५ गते सम्म घरदैलोमा सहजीकरण गरी आधारभूत तहका उमेरका सवैलाई विद्यालयमा भर्ना हुन समन्वय गरी विद्यालय भर्ना कार्यक्रम | ११ जना |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन गरिएको छ । | |
| २.४ | कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ९८ प्रतिसत | कक्षा १ मा भर्नादर बृद्धि गराउनका लाीग पूर्व प्राथामिक तहमा भर्नादर बढाइएको, वालविकास केन्द्र संचालनमा सहजीकरण गरिएको छ । त्यसै गरी विद्यालयको आधारभूत तहका बालवालिकाहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालन भएका छन् । | ९८.५ प्रतिसत |
| २.५ | आधारभूत तह कक्षा(१-५) मा कक्षा छाड्ने दर | १.५ प्रतिशत | आधारभूत तह कक्षा (१-५) मा विद्यार्थीहरुलाई टिकाई राख्न ४९ वटा विद्यालयहरुमा नियमित अनुगमनका लागि विद्यालय निरीक्षकहरु परिचालन गरिएको, विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम सञ्चालन, छात्रबृत्ति, खेलकूद तथा शैक्षिक सामाग्री वितरण, अतिरिक्त क्रियाकलाप सञ्चालन, अति गरिव परिवारलाई आयआर्जन, दुर्गम क्षेत्रमा रहेका, न्यून आय भएका विद्यार्थीका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रमहरु संचालन गरिएको छ । | १ प्रतिसत |
| २.६ | आधारभुत तह (१-५) मा कक्षा दोहोऱ्याउने दर | २.५ प्रतिसत | शिक्षा गुणस्तरमा सुधार गर्न तथा विद्यालयमा बालवालिकामैत्री एवम् शिक्षण सिकाईमैत्री वातावरण सिर्जना | २ प्रतिसत |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न अतिरीक्त क्रियाकलाप तथा विभिन्न खेल सामाग्रीहरुको व्यवस्था गरिएको छ । | |
| २.७ | आधारभूत तह कक्षा (१-५) तहमा उत्तिर्ण दर | ९६ प्रतिसत | शिक्षकहरुलाई विभिन्न तालिम तथा बालवालिकाहरुलाई शैक्षिक तथा खेलकूद सामाग्री वितरण, विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप सञ्चालन, दिवा खाजा कार्यक्रम तथा नियमित विद्यार्थीको सिकाईस्तर मापन प्रकृया अवलम्बन गरिएको । नमूना विद्यालय सञ्चालन गरिएको छ । | ९७ प्रतिसत |
| २.८ | आधारभूत तह कक्षा(१-५) मा तालिम प्राप्त शिक्षक संख्या | १९३ जना | आधारभूत तह कक्षा(१-५) कार्यरत शिक्षकहरु सवै जनाले पाथठ्यकम प्रवोधिकरण र शिक्षकको पेशागत विकाास तालिम TPD तालिम प्राप्त गरी सकेको छन् । | १७८ जना |
| २.९ | प्रति कक्षाकोठा विद्यार्थी संख्या | १: १८ | गाउँपालिका क्षेत्रमा रहेका २०० वटा कक्षाकोठा रहेको छ। हाल विद्यालय तहमा अध्ययनरत विद्यार्थी संख्या ४६७७ जना रहेका छन् । | कक्षा कोठा विद्यार्थी अनुपात १: १७ रहेको छ । |
| २.१० | वह्य सहयोगमा निर्मित विद्यालय संख्या (सरकारी तथा सामुदायिक विद्यालयको मात्र) | २०० वटा कक्षा कोठा | ९ वटा विद्यालय भवन र २२ कोठा निर्माण तथा २२ वटा विद्यालयहरुमा १०१ वटा कक्षा कोठालाई धुलो रहित बनाउन आवश्यक मर्मत सम्भार गरिएको छ । | २११ वटा विद्यालय |
| २.११ | स्थानीय तहबाट | ८ कोठा | पिचाकु आधारभूत | १५ कोठा |

| | | | | |
|---|---|---|---|---|
| | निर्मित विद्यालय कोठासंख्या | | विद्यायलयमा ३ कोठो जनता माविमा ४ कोठाको भवन निर्माण, २२ वटा विद्यालयहरुमा १०१ वटा कक्षा कोठालाई धुलो रहित बनाउन आवश्यक मर्मत सम्भार गरिएको छ । | |
| २.१२ | दलित बालबालिकाहरुको शिक्षामा पहुँच | ३४२ जना | दलित बालवालिकाहरुलाई छात्रृतिको व्यवस्था गरिएको, नेपाल सरकारको दलित बालवालिका सहयोग कार्यक्रमले सकारात्मक प्रभाव पारेको छ । | ३५४ जना |
| **३** | **खानेपानी तथा सरसफाई** | | | |
| ३.१ | खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | ९८.५ प्रतिसत | सानातिना योजना तथा मर्मत संरक्षण सहित २२ वटा खानेपानी योजना सञ्चालनबाट ६६ घरधुरीमा थप व्यवस्थीत खानेपानी व्यवस्थापन गरिएको छ । ११ वटा खानेपानीको टंकी तथा पाईप मर्मत गरी थप घरपरिवारलाई थप सेवा व्यवस्थापन गरिएको छ । | ९९ प्रतिसत |
| ३.२ | शौचालय भएको घरधुरी संख्या वा प्रतिशत | ९६.९५ प्रतिसत | पूर्ण सरसफाई कार्यक्रमको लागि समुदायस्तरमा विभिन्न प्रकारका जनचेतनामुलका कार्यक्रम संचालन गरी अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ । नया बन्ने भवनहरुमा थप शौचालय निर्माण गरिएको छ । त्यसै गरी शौचालयलाई नियमित सरसफाई गरी व्यवस्थीत रुपमा प्रयोगका लागि नियमित अनुगमन हुने गरेको छ । | ९७.५ प्रतिसत |
| ३.३ | खानेपानी सुविधा भएका विद्यालय | ३९ वटा | पालिका क्षेत्रका आधारभूत सामुदायिक विद्यालयहरु ४९ वटा रहेका छन् । चालु आर्थिक बर्षमा १ वटा विद्यालयहरुमा खानेपानीको व्यवस्थापन भएको छ | ४० वटा |

| | | | | |
|---|---|---|---|---|
| ३.४ | शौचालय भएको भएको विद्यालय | ३९ वटा | चालु बर्षमा ४ वटा विद्यालयहरुमा खानेपानी सहितको शौचालय निर्माण गरिएको छ । खानेपानी भएका विद्यालयहरुमा समेत कतिपयमा खानेपानी अपर्याप्त रहेको छ । | ४० वटा |
| ३.५ | सुधारिएको तथा आधुनिक चुलो भएको परिवार संख्या | १८८७ परिवार | पालिका क्षेत्रमा क्रमस सुधारिएको चुल्होको प्रयोग बढदै गएको छ । चालु वर्षमा बनेको नयाँ घर निर्माण गरिएको छ ।<br>साथै ग्रामिण भेगमा ग्याँसको खपत बर्सेनी बढदै गएको छ । | १८९८ परिवार |

| | | | | |
|---|---|---|---|---|
| **४** | **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| ४.१ | बाल विवाहको संख्या | दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अभिलेखमा कायम नरहेको । | बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण बालक्लवहरुले बाल अधिकार सम्बन्धी जानकारी प्रदान गरिएको, हरेक विद्यालयमा वर्षमा एक दिन बालवालिका संग प्रहरी र कर्मचारी कार्यक्रम सञ्चालन गरी बाल अधिकार सम्बन्धी जनचेतना अभियान संचालन गरिएको छ | दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अभिलेखमा कायम नरहेको । |
| ४.२ | साामाजिक विकृति विसंगती | ९ वटा | गाउँपालिकाको न्यायिक समितिको सहजीकरणमा स्थानीयस्तरमा सचेतना अभियान, सामुदायिक प्रहरी कार्यक्रम तथा अन्य सामाजिक संघसंस्थामार्फत सामाजिक विकृति न्यूनिकरणका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको । प्रहरी चौकीमा | ३ वटा |

| | | | | |
|---|---|---|---|---|
| | | | मादक पदार्थ सेवन गरेका, गाली गलौज, एवम् सामान्य कुटपिट गरेका घटनाहरुमा आपसी छलफलबाट समस्या समाधान गरिएको । | |
| **५** | **जनचेतना तथा गरिबी निवारण** | | | |
| ५.१ | बालश्रमको अवस्था | नभएको | बालमैत्री स्थानीय तह घोषणका लागि बाल पाश्वचित्र निर्माण गरिएको छ ।<br>स्थानीयस्तरमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको। | नभएको |
| ५.२ | बालक्लवहरुको अवस्था | १४ वटा बालक्लव सञ्चालनमा रहेको । | बालवालिकाको सहभागितामा माध्यमिक विद्यालयमा १९ वटा वालक्लवहरु गठन गरी विद्यालय बाल गतिविधिहरु सञ्चालन गरेका छन् । | |
| ५.३ | लैङ्गिक हिंसा | ३ वटा | जनप्रतिनिधि, कर्मचारी, आमा समुहको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध र महिला कानूनी अधिकार सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी अधिकार प्रति सचेत बनाइएको छन् । लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ । | १ वटा |
| ५.४ | रोजगारीको अवस्था | स्थानीयस्तरमा अल्पकालिन श्रममुलक रोजगारी सिर्जना भएको छ | पालिकाले सञ्चालन गरेको विभिन्न पूर्वाधार विकास सम्बन्धी सञ्चालन गरेकोछ । प्रधानमन्त्री रोजगार कार्यक्रम, पूर्वाधार विकास, | |

| | | | | |
|---|---|---|---|---|
| | | सीपमुलक तालिम प्राप्त गरेको व्यक्तिहरुले क्रमस दिर्घकालिन रोजगारको थालनी गरेका छन् । | सामाजिक आर्थिक विकासका एवम् क्षमता विकास र सचेतनामुलक विभिन्न प्रकारका कार्यक्रमहरुमा सहजीकरण रोजगारी सिर्जना भएपनि अभिलेख कायम नभएको । प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचकृत भएका ६६५ बेरोजगार मध्ये ७७ जनालाई रोजगारी दिइएको छ। | |
| ५.५ | स्वरोजगारका प्रयासहरु | विभिन्न प्रकारका तालिम, क्षमता विकास र प्रविधि प्राप्त गरेका ७० जना व्यक्ति तथा परिवारले स्वरोजगार तर्फ उन्मुख भएका छन् । | बाँसको हस्तकलाका सामाग्री तयारी एवम् फर्निचर निर्माण सम्बन्धी तालिम प्रदान गरिएको । | **१० जनाले बाँसको सामान बनाइ स्वरोजगार भएका छन ।** |
| ५.६ | गरिब न्यूनिकरणका प्रयासहरु | गरिवी न्यूनिकरणका लागि गाउँपालिबाट आवश्यक सीप, प्रविधि तथा अनुदान प्रदान मार्फत सहयोग गरिएको छ । | उद्यम विकास कार्यक्रम मार्फत २० जनालाई बाँसको हस्तकला तथा फर्निचर निर्माण तालिम प्रदान गरिएको छ। किवी खेतिको लागि ७ जनालाई पोल निर्माण, सधैभरी तरकारी उत्पादनको लागि प्लाष्टिकको टनेल वितरण २४१ जनालाई, कृषि तथा पशु प्रोत्सहान कार्यक्रमबाट अनूदान वितरण १२ वटा | आवश्यक सीप, प्रविधि तथा अनुदान प्रदान मार्फत सहयोग गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | कृषक समुहलाई उपलव्ध गराइएको छ । | |
| ५.७ | वातावरण सुधार तथा विपद् व्यवस्थापन | पालिका क्षेत्र वातावरण मैत्री रहेको छ । | आकस्मिक कोषको स्थापना राहत प्रदान गरेको छ ।<br>भारी वर्षातको कारण पूर्ण क्षति वा विस्थापित एवम् जोखिममा परेका घरपरिवारलाई विभिन्न प्रकारका राहत उपलव्ध गराइएको छ । | विपद्मा परेका पिडित परिवारलाई नेपाल प्रहरी र गाउँ प्रहरीको एकीकृत पहलमा समयमै उद्धार गरी पालिकाबाट आवश्यक राहत प्रदान गरिएको छ । |
| ५.९ | एच.आई.भि र एड्स | अभिलेख नभएको | विभिन्न प्रकारका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन भएको जहाँ एच आई भि एड्सको रोकथाम र सावधानीको विषयमा जानकारी गराइएको छ ।. | अभिलेख नभएको |
| ५.१० | लागु पदार्थ दुर्व्यशनी | अभिलेखमा नरहेको | सामुदायिक साझेदारी प्रहरी कार्यक्रम अन्तरगत विभिन्न प्रकारका अन्तरकिया तथा सचेनामुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् । | अभिलेख नभेटिएको |
| ५.११ | विकासमा समान सहभागिता | विवरण प्राप्त नभएको | विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरुका लागि उपभोक्ता समितिहरु गठन एवम् परिचलन हुने गरेको छ । यसरी गठन गरिने उपभोक्ता समितिहरु, विभिन्न सामाजिक संघसंस्थाहरुमा महिला, दलित तथा पिछाडिएको क्षेत्रको सहभागितालाई बढदै गएको छ । लक्षीत क्षेत्रको | समितिहरुमा महिलाहरुको कम्तीमा ३३ प्रतिशत सुनिश्चित गरिएको ।<br>सामाजिक विकास कार्यक्रममा लक्षीत क्षेत्रको ८५ प्रतिशत सहभागिता रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | सहभागितालाई प्राथमिकता दिई लक्षीत समुहको संलग्नतमा संघसंस्थाहरु मार्फत कार्य गरिएको छ । | |

## ६. सेवाहरुमा पहुँच

| | | | | |
|---|---|---|---|---|
| ६.१ | स्थानीय बजार पुग्न लाग्ने समय | गाउँवासीलाई नजिकैको बजार सेवा लिनको लागि बढीमा २ घण्टा समय लाग्ने अवस्था छ । | पालिको दुई स्थानमा रहेको बजारहरु पञ्चमी र टेम्मा बजार सम्म नजिकका वडास्तरबाट आउने ७.२ कि.मि. सडक स्तरउन्नती तथा ८.१ किलो मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ । ग्रामिण क्षेत्रका सडकहरुलाई सदैव आवतजावत सहज रुपमा गर्नको लागि सडक मर्मतको कार्य भईरहेको छ चालु आर्थिक बर्षमा विभिन्न सडकहरुको सडकस्तरोन्नति गरेको कारणले स्थानी बजार सम्म जानको सहता भएको छ । | गाउँवासीलाई बढीमा दुई घण्टामा बजारको सेवा प्राप्त गरेका छन् |
| ६.२ | कृषी सेवा केन्द्र जान लाग्ने समय | अधिकतम १ घण्टा सम्म समय लाग्छ । | पालिका तथा वडा केन्द्रसम्म नजिकका वडास्तरबाट आउने वडास्तरबाट आउने ७.२ कि.मि. सडक स्तरउन्नती तथा ८.१ कि. मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ । हरेक वडाहरुमा कृषि तथा पशु प्राविधिक जनशक्ति व्यवस्थापन गरि सेवा वितरण गरिएको छ । आवश्यकक्तानुसार कृषकको सूचनाको आधारमा घरघरमै प्राविधिक सेवा कार्यक्रम सञ्चालन गरिएको छ । | वडा केन्द्र सम्म बढीमा १ घण्टा भित्र सेवा लिन सकिने व्यवस्था रहेको छ । |
| ६.३ | सामाजिक | ज्येष्ठ नागरिक | सामाजिक सुरक्षा भत्ता वडागत | ज्येष्ठ नागरिक |

| | | | | |
|---|---|---|---|---|
| | सुरक्षा ( एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | ११०८, ज्येष्ठ दलित ९१ , ज्येष्ठ एकल महिला १३३ , विधवा १४७ , पूर्ण अपांग ६८, अति असक्त ८६ र दलित बालवालिका १८२ गरी १८१५ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । | तहमा सानिमा बैंक मार्फत स्थलगत रुपमा वडा केन्द्रमा वितरणको व्यवस्था मिलाईएको छ। गत बर्ष भन्दा २३० थप व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । | १२८८, ज्येष्ठ दलित १०८ , ज्येष्ठ एकल महिला १४९ , विधवा १६७ , पूर्ण अपांग ७१, अति असक्त ९५ र दलित बालवालिका १६७ गरी २०४५ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । |
| ६.४ | सामाजिक शक्तिकरण र संस्थागत विकास कार्यक्रम | विवरण प्राप्त नभएको | विभिन्न महिला संजाल, अन्य लक्षीत आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक, अपांग, बालवालिका तथा युवा लगायतका बर्ग र क्षेत्रका संजालहरुको सहभागितामा संस्थागत विकासको लागि समुह गठन तथा परिचालन लगायत संस्थागत क्षमता विकास लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । | विभिन्न समिति तथा समुहहरुको गठन, कार्यालय व्यवस्थापन एवम् क्षमता विकास भई गाउँपालिका क्षेत्रमा विकास अभियानमा सहकार्य भएको |
| ६.५ | खेलकूद विकास एवम् खेल प्रबर्दन | खेलमैदान सुधार तथा विभिन्न प्रकारका खेल प्रतियोगिता सञ्चालन गरिएको छ । | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरी सबै तहका विद्यार्थीहरुलाई खेलकूदको माध्यमबाट शारिरीक तथा मानसिक विकासमा सहयोग पुगेको छ । त्यसै गरी पालिकाको सहयोगमा हरेक वडामा खेलमैदान निर्माण एवम् मर्मत सुधार भएको | विभिन्न खेलहरु सञ्चालनभई खेलकूदको माध्यमबाट यूवाहरुको क्षमता विकास भएको छ । खेलकुद पूर्वाधार मल्टिप्रपोज भवन निर्माण भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | एवम् खेलकूद प्रतियोगिताहरु सञ्चालन गरिएकोा छ । | |
| ६.६ | व्यक्तिगत घटना दर्ता सेवा व्यवस्थापन | जन्मदर्ताः ९६० मृत्यूदर्ता : १५४ विवाहदर्ता : १९४ साईसरी गएका : २०६ बसाईसरी आएको : १२ सम्बन्ध विच्छेदः १७ गरी जम्मा १५४३ वटा व्यक्तिगत घटना दर्ता रहेको छ । | सवै वडाहरुमा अनलाईन प्रणालीबाट व्यीक्तगत घटना दर्ता कार्य सम्पादन गरिदै आएको छ । वडातहमा गरिएको दर्ता अभिलेखलाई बार्षिक रुपमा एकीकृत विवरण पालिकामा तयार गरिन्छ । व्यक्तिगत घटना विवरणलाई प्रमाणिकरण गर्ने कार्य सम्पन्न भएको छ । चालु आर्थिक बर्षमा व्यक्तिगत घटना दर्ता अनुसार बसाई सरी जानेको संख्या बढेको देखिन्छ । त्यसै गरी बसाई सरी आउनेको संख्या पनि घटेको देखिन्छ । | जन्म दर्ता १०३३, मृत्यु दर्ता १६६, विवाह दर्ता २०४ सम्बन्ध विच्छेद २ बसई सराई आएको १४ र गएको १७० गरी जम्मा १५८९ वटा व्यक्तिगत घटनाहरु दर्ता भएको छ । |
| ६.७ | सुशासन व्यवस्थापन सम्बन्धी कार्यहरु | विभिन्न संघसंस्थाबाट गरिएको तर अभिलेख नराखिएको | सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, बार्षिक समीक्षा गोष्ठी, योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा प्रतिवेदन लगायतका सुशासन र पारदर्शिता सम्बन्धी कार्यहरु सञ्चालन गरिएको छ । त्यसै गरी पालिकाबाट नै विद्यालय निरीक्षकहरुको व्यवस्था गरी सवै सामुदायिक विद्यालयहरुमा नियमित रुपमा अनुगमन गरी प्रतिवेदन प्रणालीलाई व्यवस्थीत गरिएको छ ।नियमित रुपमा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन कार्यालय परिसरमा सिसि क्यामेरा राखी अनुगमन गर्ने, | गाउँपालिकाबाट प्रवाह भएको सेवा गुणस्तरीय, पारदर्शी र उत्तरदायी रहेको छ । गुनासो प्राप्त भएका तत्कालै व्यवस्थापन गरी सेवालाई चुस्त बनाइएको छ । नियमित रुपमा स्वत प्रकासन भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिका केन्द्र र हरेक वडाहरुमा नागरिक वडापत्र जारी एवम् बार्षिक योजना तथा कार्यक्रम विवरणलाई सार्वजनिक गरी सेवा प्रवाहलाई चुस्त बनाइएको छ । गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत भएको ऐन, नियम र कार्यविधि निर्देशिकाहरु कार्यालयको वेभसाईटमा राखी सार्वजनिक गरिएको छ । त्यसै गरी विभिन्न सञ्चार माध्यमहरुवाट गाउँपालिकाको गतिविधिलाई प्रचार प्रसार गरी नागरिकको सूचना पाउने अधिकारलाई सुनिश्चित गरिएको छ । कार्यालयमा प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकि सेवलाई जनमुखी बनाइएको छ । नियमति रुपमा स्वत प्रकासन गरिएको छ । | |
| ६.८ | न्यायिक सेवा सम्पादन | न्यायिक समितिमा हालसम्म १५ वटा मुद्धाहरु पेश भएकोमा समयमै फर्च्यौट एवम् सो सम्बन्धी कार्यवाही अगाडि बढाइएको छ । | न्यायिक समितिको बैठकहरु नियमित रुपमा सम्पन्न भएका छन् । यस बर्ष न्यायिक समितिमा ३ वटा मुद्धाहरु दर्ता भएकोमा ३ वटा मुद्धाहरु फर्च्यौट गरिएका छन् । पालिका २६ जनाले मेलमिलापकर्ता सम्बन्धी तालिम प्राप्त गरेका छन् । | न्यायिक समितिमा पेश भएका विवादहरु सतप्रतिसत फर्च्यौट गरेको छ । |
| ६.९ | फोहोरमैला | विवरण प्राप्त नभएको | पालिकामा शहरी क्षेत्रको विस्तार नभई सकेको हुँदा स्थानीय | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन कार्यक्रम | | बजारमा नियमित रुपमा फोहोर संकलन गरी नजिकैको खुला स्थानमा व्यवस्थापन गरिएको छ । | फोहोर व्यवस्थापन स्थानीय तवरबाट भएको छ । |
| ७ | **संस्थागत क्षमता** | | | |
| ७.१ | गाउँसभा, कार्यपालिका, विभिन्न समितिहरु तथा वडा समितिको बैठक व्यवस्थापन | गाउँ सभा र । कार्यपालिकाको बैठक कानुन बमोजिम नियमित रुपमा बस्ने गरेको छ । विषयगत समितिहरुको बैठक आवश्यकक्तानुसार बस्ने गरेकोछ । | गाउँ सभाको २ वटा बैठकहरु सम्पन्न भएका छन् जसले गाउँपालिकाको लागि आवश्यक कानुनहरु पारीत, आ.व. २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ । त्यसै गरी कार्यपालिकाको बैठक १३ वटा सम्पन्न भई विभिन्न कार्यविधि, निर्देशिकाहरु स्वीकृत एवम् समसामयिक निर्णयहरु गरिएका छन् । त्यसै गरी वडा समितिको बैठकहरुबाट योजना छनौट, शहरी सुशासन तथा सेवा व्यवस्थापन भएका छन् भने विषयगत समिति र विभिन्न समितिहरुको बैठक बसी निर्णय गरी कार्यसम्पादन भएका छन् | गाउँ सभा र कार्यपालिका र वडा समिति लगायतका विभिन्न समितिहरुको बैठक नियमित रुपमा सम्पन्न भएका छन् । |
| ७.२ | निर्वाचित | २०७९ सालमा | वडा सदस्यहरु विष्णुकला | गाउँ सभामा ३६ र |

| | | | | |
|---|---|---|---|---|
| | जनप्रतिनिधिहरु | सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट अध्यक्ष, सहित ३७ जनाको गाउँसभा गठन भएको हो । त्यसै अध्यक्षसहति गरी १५ जनाको कार्यपालिका गठन भएको हो । | राई र कला राई जिल्ला समन्वय समिति सदस्यमा निर्वाचित हुनु भएको, वडा नम्बर २ का वडा सदस्य पदम कुमारी नेपालीको देहवसान भएकाले सो वडाको वडा सदस्य पद रिक्त रहेको छ । गाउँ सभा, कार्यपालिका र विभिन्न समितिको बैठमा सहभागि हुने, गाउँ कार्यपालिका र वडा समितिको नियमित कार्य सम्पादनमा जनप्रतिनिधिहरुको भूमिका हुने गरेको छ । गाउँपालिकाको नीतिगत व्यवस्था तथा त्यसको कार्यान्वयन र अनुगमनको कार्यहरुमा जनप्रतिनिधिहरुको सहभागिता प्रभावकारीरुपमा रहेको छ। | कार्यपालिकामा १५ जना पदाधिकारी रहेको सभा र कार्यपालिका गठन भई निरन्तर क्रियासिल रहेको छ । |
| ७.३ | संगठन संरचना र जनशक्ति | नेपाल सरकारको स्वीकृत कर्मचारी दरबन्दी कायम रही संगठन व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाको लागि कुल कर्मचारी दरबन्दी स्थायी ८२ र करार ३६ गरी जम्मा ११८ जनाको | कर्मचारी, समायोजन एवम् लोकसेवा आयोगबाट समायोजन भएर आएका र विभिन्न कार्यक्रमहरुमा कर्मचारी जनशक्ति व्यवस्थापन गरिएको छ । | स्वीकृत कर्मचारी दरबन्दी स्थायी र करार गरी जम्मा ११८ रहेको छ । विभिन्न शाखा, उपशाखाहरु १९ वटा र वडा कार्यालयहरु ७ वटा, १० वटा स्वास्थ्य संस्थाहरुमा समेत गरी ११४ जना कर्मचारी कार्यरत रहेका छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | कर्मचारी दरबन्दी स्वीकृत गरिएको छ । | | |
| ७.४ | कर्मचारी क्षमता विकास कार्यक्रम | गाउँ क्षमता विकास योजना निर्माण भएको छैन । | गाउँ क्षमता विकास योजना नभएतापनि गाउँपालिको स्वीकृत बार्षिक कार्यक्रममा समावेश गरिएको विषयगत क्षेत्रका कार्यक्रमहरुबाट क्षमता विकास सम्बन्धी तालिम तथा अभिमुखिकरणहरु सञ्चालन हुने गरेको छ । संघीय तथा प्रदेश सरकारका मन्त्रालय एवम् अन्य सरोकारवाला सहयोगी निकायहरुबाट आयोजना भएका क्षमता विकास कार्यक्रमहरुमा सहभागिता हुने गरेको छ। | जनप्रतिनिधि तथा कर्मचारीहरु एवम् सरोकारवाला निकायहरुको समेत क्षमता विकास कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा रहेका छन् । |
| ७.५ | सूचना तथा तथ्याङ्क व्यवस्थापन | गाउँपालिकाको बेभसाईट मार्फत नियमित रुपमा पालिका गतिविधि समाचार अद्यावधिक गरिएको छ । त्यसै गरी बार्षिक नीति योजना तथा कार्यक्रम पुस्तीका प्रकासन, बार्षिक समीक्षा प्रतिवेदन पुस्तिका प्रकासन, विभिन्न सार्वजनिक सूचनाहरु स्थानीय पत्र पत्रीका मार्फत | बार्षिक बजेट पुस्तिका तथा बार्षिक समीक्षा प्रतिवेदन पुस्तिका प्रकासित गरिएको, विभिन्न प्रकारका सचेतनामुलक सूचनाहरुलाई प्रशारण गरिएको छ । पालिकाको स्वत प्रकासन नियमित रुपमा प्रकासित हुन थालेको छ । | गाउँपालिकाको बेभसाईट अद्यावधिक भएको छ । बार्षिक बजेट पुस्तिका, निर्णयहरु, अन्य सार्वजनिक महत्वका अभिलेख प्रकासित गरी सार्वजनिक गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | प्रकासित गरी सूचना व्यवस्थापन गरिएको । | | |
| ७.६ | भौतिक व्यवस्था | भवन ९ जेनेरटर १, भ्याक्सीन रेफ्रिजरेटर १, अटो लेवल १, पशुको कृतिम गर्भधान मेसिन १ जिप १, ब्याकहो लोडर १, एम्बुलेन्स १, मोटरसाईकल २०, स्कुटर २, कम्प्युटर २८, ल्यापटप २०, दराज २५, टेवुल ३६, सोफा ६, कुर्सी ३१ लगायतका सामानहरु रहेका छन् । | भवन १, भ्याक्सीन रेफ्रिजरेटर १, अटो लेवल १, पशुको कृतिम गर्भधान मेसिन १, मोटरसाईकल ४, कम्प्युटर ५, ल्यापटप ६, लगायतका सामानहरु चालु आर्थिक बर्षमा खरिद गरिएका छन् । | भवन ९ जेनेरटर १, भ्याक्सीन रेफ्रिजरेटर १, अटो लेवल १, पशुको कृतिम गर्भधान मेसिन १ जिप १, ब्याकहो लोडर १, एम्बुलेन्स १, मोटरसाईकल २२, स्कुटर २, कम्प्युटर २४, ल्यापटप २३, दराज ३२, टेवुल ४९, सोफा ९, कुर्सी ६७ लगायतका सामानहरु रहेका छन् । |
| ७.८ | समन्वय र सहकार्यका प्रयासहरु | क्षेत्रका सरकारी एवं संघसंस्थाहरु, राजनैतिकदल, पत्रकार, पालिकामा गठित विभिन्न समिति, उपसमितिहरु लगायतका सरोकारवालहरुसंग समन्वय र सहकार्य गरी, बार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी एवम् योजना तथा कार्यक्रम | बजेट स्रोत सीमा निर्धारण समिति, विषयगत समितिहरु, न्यायिक समिति, कानुन मस्यौदा तर्जूमा समिति, बजेट तर्जूमा समिति, राजश्व परामर्श समिति, विभिन्न समितिहरुमार्फत तयारी भएको नीतिगत व्यवस्था अनुसार राजनैतिकदल, सरकारी तथा गैर सरकारी कार्यालय लगायतका सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा | गाउँपालिकामा रहेका विभिन्न शाखा तथा उपशाखाहरु, स्वास्थ्य सेवा केन्द्रहरु, ७ वटा वडा कार्यालयहरु, ४९ सामुदायिक विद्यालयहरु १९ वटा बालक्लवहरु, विभिन्न उपभोक्ता एवम् सरोकारवाला संघसंस्थाहरु र सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्य भएका छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयनमा टोल विकास संस्था, स्थानीय समुदाय, समुह, उपभोक्ता र सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरी सुशासन र पारदर्शिताप्रकृयालाई अवलम्बन गरिएको । | बजेट तथा कार्यक्रम सम्पादन गरिएको छ | |

## १६. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु :-

दिप्रुङ चुइचुम्मा गाउँपालिकाले सामाजिक उत्तरदायित्व बहनका लागि गरेका विभिन्न कार्यहरुको सामाजिक परीक्षणमा देखिएका सवलक्षहरु निम्नानुसार उल्लेख गरिएको छ ।

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार बमोजिम स्थानीय सरकार सञ्चालन गर्न विभिन्न कानुनहरुको तर्जूमा गरी क्रमस कार्यान्वयन भएका छन् ।

२. सरकार सञ्चालनका लागि आवश्यक समितिहरु गठन गरी कार्य विभाजन गरी सेवा सम्पादनको व्यवस्था गरिएको छ ।

३. बार्षिक बजेट नीति तथा कार्यक्रम तर्जूमा गर्दा संघीय र प्रदेश सरकारका राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्धेश्य र प्राथमिकता अनुसारका परिलक्षीत गरिएको छ ।

४. प्रथम आवधिक योजना कार्यान्वयन गरिएको छ ।

५. स्थानीय सरकार नागरिक प्रति जवाफदेहीता र उत्तरदायि रहन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र आवधिक समीक्षा कार्यक्रमलाई संस्थागत गर्न प्रयास गरिएको छ ।

६. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना र कर्मचारी दरबन्दी अभिलेखीकरण गरिएको छ ।

७. वडातहबाटै कानुन बमोजिमका सेवा प्रवाहहरुलाई व्यवस्थित तवरले सञ्चालन गरिएका छन् ।

८. स्वास्थ्य क्षेत्रमा नियमित सेवा प्रवाहका लागि आधारभूत अस्पताल निर्माण, बर्थिङ्ग सेन्टर, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य सेवा केन्द्र बाट नियमित रुपमा सेवा सञ्चालन गरिएको छ ।

९. दुर्गम क्षेत्रका बासिन्दाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाको लगानीमा पाँच वटा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ ।

१०. सामान्य विरामीलाई घरैमा उपचार एवम् औषधि सेवाको लागि **हेल्लो डाक्टर कार्यक्रम** सञ्चालन गरी घर घरमै स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

११. पाठेघर खसेका महिलाहरुको लागि उपचार तथा शल्याक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

१२. शिक्षा संयोजक, विद्यालय निरीक्षक एवम् स्वयम सेवा शिक्षक लगायतको जनशक्ति व्यवस्थापन गरी विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गरी पठनपाठनमा प्रभावकारीता ल्याइएको छ।

१३. दुर्गम क्षेत्रमा रहेको वालवालिकाको लागि वडा नम्बर ४ मा पिचाकु आधारभूत विद्यालय स्थापना गरी विद्यालय सञ्चालन गरिएको छ ।

१४. विद्यालयहरुमा कम्प्युटर, ल्यापटप, स्मार्ट बोर्डको व्यवस्थापनगरी सूचना प्रविधिमैत्री बनाइएको छ ।

१५. कक्षा कोठालाई धुलो रहित बनाई विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गरिएको छ ।

१६. गाउँपालिकामा सञ्चालित र सेवा प्रवाहका सन्दर्भमा पत्रपत्रीका, एफ.एम, रेडियो, टेलिभिजनबाट सूचना तथा जानकारीमुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१७. सामाजिक, आर्थिक, वातावरणीय र संस्थागत विकासका क्षेत्रमा प्राथामिकतापूर्वक विनियोजन गरी विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१८. दिर्घकालिन एवम् गौरवका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्राथमिकतापूर्वक बजेट विनियोजन भई कार्यान्वयनमा रहेका छन् ।

१९. विपद व्यवस्थापन कोष, लैङ्गिक हिंसा निवारण कोष जस्ता कोषहरु स्थापना गरी बालमैत्री, लैङ्गिकमैत्री, समावेशीमैत्री विकास तथा सेवा व्यवस्थापनको जस्ता कार्यको शुरुवात गरिएको छ ।

२०. माध्यमिक विद्यालयस्तरमा **बालक्लवहरुको गठन तथा परिचालन** गरिएका छन् ।

२१. पशुपालन तथा कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नका लागि व्यवसायीक खेती तथा पशुपालनका लागि **पकेट क्षेत्र कार्यक्रम सञ्चालन** गरिएको छ ।

२२. न्यायिक समितिको कार्यलाई सहज र प्रभावकारी बनाउन मेलमिलाप सम्बन्धी तालिम सञ्चालन **सञ्चालन** गरिएको छ ।

२३. गाउँपालिका र वडा कार्यालय भवन र स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर तथा विद्यालय भवन, आमा समुह भवन निर्माण भई सेवा प्रवाहलाई व्यवस्थीत र सहज बनाइएको छ ।

२४. नियमित सेवा प्रवाहको लागि व्याकुहो लोडर, एम्बुलेन्स, स्कारपियो, मोटर साईकल लगायतका सवारी साधन एवम् अन्य मेसिनरी उपकरणहरुको व्यवस्थापन गरिएको छ ।

२५. गाउँ क्षेत्रमा रहेका सरोकारवाला कार्यालय एवम् संघसंस्थाहरुसँग विकास र सेवा व्यवस्थापनका लागि सहकार्य र समन्वय गरिएको छ ।

२६. वडा कार्यालयहरु तथा सेवा केन्द्रसम्म पुग्ने **सडक निर्माण तथा स्तरोन्नति** गरिएको छ ।

२७. सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, लेखा व्यवस्थापन, राजश्व संकलन, जिन्सी व्यवस्थापन, EMIS, HIMS-2, LIMS लाई अनलाईन व्यवस्थापन गरिएको छ

२८. गाउँपालिकाबाट सम्पादन भएका कृयाकलापहरुलाई त्रैमासिक रुपमा स्वतः प्रकाशन गरिएको छ ।

२९. **कृषि तथा पशुपालनका लागि घरै घरमै प्राविधिक सेवा, प्रसुति तथा शिशुका लागि घरैमा नियमित जाँच एवम् हेल्लो डाक्टर कार्यक्रम सञ्चालन गरिएको छ ।**

३०. यस गाउँपालिकाको भू- उपयोग योजना निर्माण कार्य सम्पन्न भएको छ ।

३१. आ.व. २०७९/८० को कुल ५४ करोड ६२ लाख ६५ हजार ९८१ रुपैयाको अन्तिम लेखापरिक्षण भएकोमा ९.७ प्रतिसत मात्र वेरुजु कायम भएको छ ।

३२. संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८३.७५ अंक प्राप्त गरी खोटाङ्ग जिल्लामा दोश्रो स्थानमा रहेको ।

३३. पालिका गान र लोगो तयार भई कार्यान्वयनमा ल्याइएको छ ।

३४. महिला तथा दलितहरुको लागि छुट्टै सहकारी संस्थाहरु निर्माण गरी विशेष कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३५. पालिकाको कामका लागि No Watch No Time अवधारणा स्थापित गरिएको छ ।

३६. जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीवीच सेवाप्रवाह, विकास निर्माण तथा सेवा व्यवस्थापन गर्न **सरोकारवालाबीचमा पर्याप्त समन्वय र सहकार्य** भएको छ ।

## १७. सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा सुधार गर्नु पर्ने पक्षहरु :-

१. गाउँपालिकाको पार्श्वचित्र तथा वडा पाश्वचित्र लाई अद्यावधिक गरी विकास योजना तथा कार्यक्रम तर्जूमा एवम् सेवा प्रवाह प्रणालीमा आवद्ध गराउनु पर्दछ । साथै सूचना व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाई शुक्ष्म सूचना व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्ने हुन्छ ।

२. गाउँपालिकाको दिर्घकालिन लक्ष्य, उद्धेश्य र प्राथमिकता अनुसार दुरदृष्टी Long Term Vision लाई आत्मसात् गर्दै चालु आवधिक योजनाको समीक्षा गरी दोश्रो आवधिक योजना तयार गरी सोही नीति तथा कार्यक्रममा आधारित मध्यमकालनि खर्च संरचना तयार गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

३. गाउँ क्षेत्रको दिर्घकालिन विकासका लागि विषयगत योजना तथा गुरु योजना तयार गरी योजनाबद्ध रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

४. संविधान तथा  स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार अनुसार बनाउन बाँकी रहेका विभिन्न कानुनहरु तर्जूमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५. टोल विकास संस्था गठन गरी सामाजिक परिचालन प्रकृयालाई संस्थागत गरिनु पर्दछ ।

६. सवै बर्थिङ्ग सेन्टर तथा स्वास्थ्य चौकी एवम् सामुदायिक स्वास्थ्य सेवा केन्द्रलाई आवश्यक पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन गरी प्रभावकारी रुपमा संचालन गरिनु पर्दछ ।

७. विद्यालयमा कक्षा छोडने दर न्यून गर्न विशेष कार्यक्रम सञ्चालन गरिनु पर्दछ।
८. खानेपानी नपुग भएको विद्यालयहरुमा खानेपानीको व्यवस्थापन गरिनु पर्दछ ।
९. सामाजिक उपलब्धीलाई मापन गर्न सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिई सार्वजनिक सुनवाई, लेखा परीक्षण, सामाजिक परीक्षण एवम् विभिन्न प्रकारका अध्ययन अनुसन्धान प्रतिवेदनबाट प्राप्त सुझावलाई क्रमस कार्यान्वयन गरिनु पर्दछ ।
१०. जनप्रतिनिधि र कर्मचारीहरुको आचारसंहितालाई पालना गरी नगारिक प्रति जिम्मेवार स्थानीय सरकारको अनुभूति दिलाउन सुशासनमैत्री एवम् जनउत्तरदायी सेवा व्यवस्थापन गरिनु पर्दछ ।
११. कर्मचारीसँग भएको विद्यमान सीप, अनुभव र क्षमतालाई थप सुदृढ बनाई अधिकतम् परिचालन गर्न प्रशिक्षण, तालिम र सीपको विकास गरी स्रोत साधनयुक्त बनाउनु पर्दछ ।
१२. गाउँ क्षमता विकास योजना निर्माण गरी विभिन्न तालिम तथा प्रशिक्षणका कार्यक्रमहरुमा प्राथमिकतापूर्वक बजेट विनियोजन गरी कार्यान्वयन गर्नु पर्ने पर्दछ ।
१३. आन्तरिक आयलाई सुधार गर्न राजश्व सुधार योजना तर्जूमा गरी कार्यान्वयन गरिनु पर्दछ ।
१४. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन अनुसार कमजोर अंक प्राप्त भएका सूचकहरु सूचकगत रुपमा उपलब्धी प्राप्त गर्न योजना बनाई कार्यान्वन गरिनु पर्दछ ।
१५. गैससहरुबाट सञ्चालन गरिने सवै प्रकारका योजनाहरु गाउँ सभावाट स्वीकृतगरी कार्यान्वयन गर्ने र आवश्यक नियमन, समन्वय गर्नु पर्दछ ।
१६. प्राकृतिक स्रोत, वातावरण संरक्षण एवम् पर्यटकीय विकासका लागि सिमानामा रहेका स्थानीय तहहरुसँग आपसी समन्वय र सहकार्य हुने आवश्यक संरचना तयार गरी योजना कार्यान्वयन गर्नु पर्दछ ।
१७. सामाजिक, आर्थिक, वातावरणीय र संस्थागत विकासका क्षेत्रको सूचना अद्यावधिक नभएकाले सूचकगत रुपमा योजना तथा कार्यक्रम तर्जूमा नहुँदा समग्र विकासको लक्ष्य हासिल हुन नसकेको हुँदा सवै क्षेत्रको नतिजामा आधारित विकास योजना तथा कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिएको छ ।
१८. गाउँपालिका अन्तरगत गठित समितिहरु परिचालन कार्यविधि निर्माण गरी समितिको कार्य क्षेत्रलाई स्पष्ट र जिम्मेवार बनाउनु पर्दछ ।
१९. नागरिक वडापत्रलाई विद्यमान कानुनी व्यवस्था, अधिकार क्षेत्र अनुसार कार्य प्रकृति सुहाउँदो र प्रविधि मैत्री बनाई नागरिक वडापत्र अद्यावधिक गरी सेवा प्रवाह र कार्य सम्पादनलाई चुस्त, प्रभावकारी र जिम्मेवार बनाउनु पर्दछ ।
२०. सामाजिक उत्तरदायित्व पुरा गर्नु पर्ने विषय क्षेत्रहरुमा उच्च प्राथमिकतापूर्वक बजेट विनियोजन गरिनु पर्दछ ।
२१. प्रशासनिक र वित्तिय व्यवस्थापनाई सुधारमा ल्याउन आन्तरिक नियन्त्रण प्रणाली तयार नियमित सेवा सम्पादन तथा व्यवस्थापन गरिनु पर्दछ ।

## १८. सामाजिक जिम्मेवारी पुरा गर्न चाल्नु पर्ने कदमहरु वा सुझावहरु :-

दिप्रुङ चुइचुम्मा गाउँवासीमा भएको विकासको चाहना, आवश्यकक्तालाई पालिकासँग रहेको श्रोतसाधन र मौजुदा जनशक्तिलाई समेत विश्लेषण गरी अधिकतम परिचालन गरी सेवा व्यवस्थापन गरिदै आएको देखिन्छ । सामाजिक परीक्षण गर्दा नेपालको संविधान र विद्यमान कानुनहरु एवम् गाउँपालिकाले आफै तर्जूमा गरेका कानुनहरु समेतको आधारमा गाउँपालिकाले आगामी दिनमा सामाजिक उत्तरदायित्व पुरा गर्नको लागि गर्नु पर्ने जिम्मेवारीहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### स्वास्थ्य

१. मापदण्ड अनुसारको अस्पताल, स्वास्थ्य चौकी भवन, सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण एवम् खोप केन्द्र तथा गाउँघर क्लिनिक संचालनको लागि **भवन निर्माण** गरिनु पर्दछ ।
२. बर्थिङ सेन्टरमा आवश्यक दक्ष जनशक्ति, विद्युत लाईन जडान, प्रयोगशाला, भिडियो एक्सरे लगायतका सेवा व्यवस्थापन गरिनु पर्दछ ।
३. स्वास्थ्यकर्मीलाई प्रविधिमैत्री **सीप तथा क्षमता विकास सम्बन्धी तालिम** दिई दक्ष बनाउनु पर्दछ ।
४. गर्भवती महिला तथा सुत्केरी आमा, नवजात शिशुहरुको नियमित स्वास्थ्य परीक्षण एवम् स्वास्थ्य सुविधा व्यवस्थापन सम्बन्धी **आधारभुत सूचना तथा तथ्याङ्कलाई आधारमानी** अधिकतम प्रगतिका लागि योजनाबद्ध रुपमा नियमित सेवा उपलव्ध गराउनु पर्दछ ।
५. गर्भवती जाँच, प्रसुती तथा नियमित खोपलाई प्रभावकारी बनाउन अनुगमन र नियमन पद्धतीलाई मापनयोग्य बनाई महिला स्वास्थ्य स्वयम् सेवीकाहरुको कार्य सम्पादन प्रणालीमा आधारित **स्वास्थ्य सुधार प्रोत्सहान कार्यक्रम** सञ्चालन गरिनु पर्दछ ।
६. गर्भवती महिला, फरक क्षमता र जेष्ठ नागरिकहरुका लागि विशेष **सहुलियत एम्बुलेन्स सेवा** सञ्चालनमा प्रभावकारीता ल्याउन एम्बुलेन्स सेवा थप गरिनु पर्दछ ।
७. स्वास्थ्य बीमा सेवालाई विस्तार गरी लक्षित समुहलाई विशेष सहुलियतमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
८. स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रवाह गरिने सेवाग्राहीको संख्याको आधारमा निशुल्क औषधि वितरण प्रणाली व्यवस्थापन एवम् औषधिलाई सुरक्षित रुपमा भण्डारणको व्यवस्था मिलाउनु पर्दछ ।
९. दिर्घ रोगीहरुका लागि सूचना संकलन तथा तथा विश्लेषण गरी प्राप्त प्रतिवेदनका आधारमा **दिर्घ रोगीलाई सवै प्रकारका औषधि निशुल्क वितरण कार्यक्रम** सञ्चालन गरिनु पर्दछ ।
१०. हेल्लो डाक्टर सेवालाई प्रविधिमैत्री बनाई सेवा प्रवाहको आवश्यक जनशक्ति व्यवस्थापन गरी प्रभावकारी रुपमा सञ्चालन गरिनु पर्दछ ।

## शिक्षा

१. EMIS लाई अनिवार्य रुपमा संस्थागत र सामुदायिक सवै विद्यालयहरुले अद्यावधिक गराई शैक्षिक सूचनालाई अद्यावधिक बनाई चुस्त राखी EMIS **वाट प्राप्त भएको सूचकको आधारमा** शैक्षिक पूर्वाधार विकास तथा शैक्षिक व्यवस्थापन सम्बन्धी नियमित कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।
२. तालिम प्राप्त शिक्षकको माध्यमबाट शिक्षण प्रणालीमा सुधार गरी कक्षा दोहोऱ्याउने र छोडने दर घटाई विद्याथी उत्तिर्ण दर बढाउनु पर्दछ ।
३. गाउपालिका स्वयम् सेवक शिक्षकहरुलाई आधारभूत तालिम प्रदान गरी सामुदायिक शिक्षकको रुपमा परिचालन गरिनु पर्दछ ।
४. प्रगतिसील मूल्याङ्कन पद्धती **PES -Progressive Evaluation System** लागु गरी कमजोर विद्यार्थीको मनोवल उच्च बनाई शैक्षिक उपलव्धी मापन गर्ने प्रणालीको विकास गरिनु पर्दछ ।
५. गाउँपालिका शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
६. स्थानीय पाठ्यक्रम निर्माण गरी सवै विद्यालयहरुमा पठन पाठन गरिनु पर्दछ ।
७. गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना तयार गरी सोही अनुसार विद्यालयमा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
८. शैक्षिक गुणस्तर सुधार गर्न हरेक वडामा **एक वडा एक नमूना विद्यालय** कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
९. सवै विद्यालयहरुलाई **प्रविधिमैत्री शैक्षिक सेवा व्यवस्थापन** गरिनु पर्दछ ।
१०. विद्यार्थी-शिक्षक-अभिभावक-सरोकारवालाको सहभागितामा **सिर्जनात्मक शैक्षिक व्यवस्थापन** प्रणाली थालनी गरिनु पर्दछ ।
११. अनलाईन हाजिरी अभिलेख व्यवस्थापन गरी शैक्षिक प्रशासनमा नियमन गरी **शिक्षक तथा विद्यालय प्रोत्सहान कार्यक्रम** सञ्चालन गरिनु पर्दछ ।

## खानेपानी तथा सरसफाई

१. खानोपानीको धारा नपुगेका घरधुरीहरुमा खानेपानी सेवा उपलव्ध गराउने, खानेपानीको गुणस्तर सुधार गर्न मुहान संरक्षणका लागि विभिन्न प्रकारका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।
२. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरी नियमित सञ्चालन गरिनु पर्दछ ।
३. सवै घरधुरीमा व्यवस्थीत शौचालय निर्माण सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरी खुलादिशामुक्त क्षेत्रलाई नियमित अनुगमन र नियमन गरिनु पर्दछ ।

४. खानेपानी सुविधा नभएको विद्यालयहरुमा बालमैत्री खानेपानीको धारा तथा शौचालय व्यवस्थापन गर्नु पर्दछ । खानेपानी अपर्याप्त भएका विद्यालयहरुमा समेत पर्याप्त खानेपानीको व्यवस्था गरिनु पर्दछ ।
५. विद्यालयलाई सरसफाईको नमूना केन्द्रको रुपमा स्थापित गर्न सवै विद्यालय परिसरमा नियमित सरसफाई तथा फुलवारी बगैंचा निर्माण गरी सरसफाई सम्बन्धी अध्ययन स्थलको रुपमा विकास गर्नु पर्दछ ।
६. स्थानीय बजारहरुमा उत्पादन हुने नियमित फोहोरलाई संकलन एवम् व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## बालवालिका, महिला तथा समावेशी क्षेत्र

१. **"हामी बालवालिका, बनाउँछौ समृद्ध पालिका"** भन्ने दृष्टिकोणलाई बनाई बालमैत्री स्थानीय शासन लागु गरी बालवालिकाको समग्र विकासका लागि बालमैत्री गाउँ घोषणा गरिनु पर्दछ ।
२. वालश्रम मुक्त गाउँपालिका घोषणा गरी पोषण मैत्री गाउँपालिका अभियान सञ्चालन गरिनु पर्दछ ।
३. आधारभूत तथा वा सो भन्दा माथिका सवै विद्यालयहरुमा वालक्लवहरु गठन गरी वडा तथा पालिकास्तरीय बाल सञ्जाल गठन एवम् परिचालन गरिनु पर्दछ ।
४. सामाजिक तथा आर्थिक विकासको लागि नियमित रुपमा **लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेसिकरण तथा बजेट** परीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा सो सुधार गर्नु पर्ने क्षेत्रमा बजेट विनियोजन गरी सीप तथा क्षमतामुलक प्रकारका आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
